जवाहर मुक्तिमार्ग सेवा केन्द्र

ॐ

२०५८

जवाहर स्मृतिपुष्प - २



00·52
-192 ज

स्वचालित धर्मका प्रवर्तक एवं
मुक्तिमार्गका संस्थापक

स्व. जवाहरलाल श्रेष्ठ

जवाहर स्मृतिपुष्प - २

<u>प्रकाशक</u>

जवाहर मुक्ति मार्ग सेवा केन्द्र

केन्द्रीय कार्यालय

३४, नयाँ वानेश्वर, मीन भवन, काठमाडौं

सम्पर्क कार्यालय

केलटोल ४९ नं. सुचिकार गल्ली

फोन नं. २२७३६८

<u>प्रकाशक</u>

जवाहर मुक्तिमार्ग सेवा केन्द्र

केन्द्रिय कार्यालय

३४, नयाँ बानेश्वर, मीनभवन, काठमाडौं

सम्पादक : उमेश कुमार रौनियार

सर्वाधिकार: प्रकाशकमा सुरक्षित

प्रकाशन संख्या: ५०० प्रति

प्रकाशन काल १९ असोज २०५९

सन्दर्भ: जवाहरलाल श्रेष्ठको दोश्रो वार्षिक तिथि

कम्प्युटर डिजाइनर : श्रीजन श्रेष्ठ “न्हूज:”

मुद्रण: भिन्तुना प्रिन्टर्स, किलागल, काठमाडौं

Dilli Raman Regmi Memorial Library, Kathmandu, Nepal
1064

समर्पण !

जन्म: १९९३ साल जेष्ठ ९ गते
स्वर्गारोहण: २०५७ साल भदौ २१ गते ।

हे भाई जवाहर ! यो स्मृतिपुष्प-२

तिमीमै छ समर्पण

तिम्रै दाज्यूहरू

सम्पादकीय

विश्व रङ्गमञ्चको मानचित्रमा २५४६औं वर्ष अघि शाक्य राजकूलमा जन्मनु भएका महा-मानव भगवान गौतम बुद्धको जन्मभूमि आधुनिक नेपालमा, स्वचालित नयाँ धर्म दर्शन र मानवीय कर्तव्यवोधको प्रादुर्भाव गरी वैवाहिक बन्धनमा पुस्तौं-पुस्ता देखि जकडिएका एवं अनन्तकालसम्म दु:खै-दुखमा दाम्पत्य जीवन विताईरहेका परिवारहरुका विरूद्ध विगत ३० औं वर्ष अगाडि देखि चुनौतीका साथ जीवनभर एक्लैले पृथ्वीवासी सम्पूर्ण मानव श्रृष्टि नै रोक्ने जस्ता सबै मानव समाजलाई आश्चर्य चकित पार्ने अभिव्यक्ति सार्वजनिकरुपमा दिएर साहसपूर्ण तरिकाले नेपाल अधिराज्यभरि व्यापक प्रचार-प्रसार गरेर घर-घरमा फैलाउँदै आउनु भएका आजीवन अविवाहित महान दार्शनिक व्यक्तित्व स्वर्गीय जवाहरलाल श्रेष्ठको जीवनमा आधारित यस "जवाहर स्मृति पुष्प - २" पुस्तकको समीक्षा गरी सम्पादन गर्ने जिम्मेवारीपूर्ण कार्य पूरा गर्न "जवाहर मुक्तिमार्ग सेवा केन्द्र" का संस्थापक, प्रमुख संरक्षक एवं अध्यक्ष श्री पन्नालाल श्रेष्ठज्यूले मलाई अवसर दिनु भएकोमा उहाँ लगायत अन्य सहयोगी मित्रहरु प्रति समेत विशेषरुपले हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु।

शैक्षिक मञ्चका प्रधान सम्पादक श्री प्रवीणराज जोशी मार्फत "मुक्तिमार्ग" का संस्थापक प्रणेता जवाहरलाल श्रेष्ठसंग सर्वप्रथम २०५६ सालमा प्रत्यक्ष भेटघाट भएको थियो र परिचयको आदान प्रदान पछि केही समय वार्ता भएपछि म उहाँको कुरा सुनेर अत्यन्त प्रभावित भएको थिएँ। हुन त कयौं वर्ष पहिले देखि नै जवाहरको सन्देश विभिन्न पत्रपत्रिकाहरुमा पढ्दा एक पटक उहाँलाई भेटुं भेटुं जस्तो इच्छा जागृत भएर आउँथ्यो। तर जवाहरलाल श्रेष्ठको ठेगाना थाहा नपाएर सम्पर्क हुन सकेको थिएन।

पत्रकार प्रवीणराज जोशीद्वारा मानववंशको उधार गर्न प्रयासरत व्यक्तित्व जवाहरलाल श्रेष्ठसंग मेरो प्रथम पटक सम्पर्क भएपछि त्यसपश्चात अनेकौं पल्ट वानेश्वरस्थित उहाँको अफिसमा गएको बेला वैवाहिक सम्बन्ध र मुक्तिमार्गको विषयमा व्यापक छलफल हुँदा मैले के अनुभव गरे भने जीवनभरी विवाह नगरी बस्नु

भएका र अरु मानिसहरुलाई पनि विवाह नगरेर आजीवन कुमार-कुमारी रही पाप र दुःखको महासागरवाट अनन्तकालसम्म सम्पूर्ण मानवजातिलाई मुक्ति प्राप्त गरी स्वर्गको सुख प्राप्त गर्न विशेषरुपले आग्रह एवं सरसल्लाह दिई रहनु हुने "मुक्तिमार्ग" का दार्शनिक जवाहरलाल श्रेष्ठको मुख्य उद्देश्य मध्ये विश्वव्यापी अत्याधिकरुपले फैलिरहेका विशाल जनसंख्यालाई सन्तुलित गरेर केही मात्रामा भएपनि नियन्त्रण गर्नु रहेको थियो ।

त्यसो त यो पृथ्वीमा मानव समाजको उत्पत्ति भए पश्चात देखि नै वर्तमान कलियुगसम्म पनि सांसारिक मोह जालमा फसेका मानवजातिहरुलाई कहाँ, कसलाई सुख छ र ? आफूलाई संसारको सर्वशक्तिशाली कहलाउने सम्पूर्ण ऐश्वर्य र वैभवले परिपूर्ण भएका महा धनवान राष्ट्र देखि लिएर नैतिक चरित्रमा खारिएका राजा, महा-राजा, नोकरशाही शासक, प्रशासक, चाकरीदारी, हाकिम, कर्मचारी, करोडपति, अरबपति, राजनीतिज्ञ, नेता, अभिनेता, देशभक्त, राष्ट्रभक्त, राष्ट्रवादी, सुधारवादी, अधिवक्ता, वकिल, शिक्षक, प्रोफेसर, गुरु-चेला, महादानी, शोसक, गरीव, अमीर, साधु, शन्त, फकिर, महात्मा आदि इत्यादि सवै नै वर्तमान समयमा दुःखै-दुःखको पिंजडा भित्र छटपटाईरहेका छन् । यो संसारमा सम्पूर्ण मानवजाति दुःखी छन् । पृथ्वीमा कोही पनि सुखसंग आफ्नो जीवन यापन गर्न सकेका छैनन् भनी म दृढताकासाथ स्पष्ट गर्न चाहन्छु ।

जवाहरलाल श्रेष्ठको जीवनी विस्तृतरुपमा अध्ययन गर्दा मेरो विचारमा के निचोड निक्लिएको छ भने विवाह गरी पारिवारिक जीवन विताईरहेका सम्पूर्ण मानव समाजले कमसेकम १ वा २ भन्दा बढी सन्तान नजन्माई विश्वव्यापीरुपमा प्रचार-प्रसार भैरहेको परिवार नियोजनको समेत मान, मर्यादा रहने गरी शान्ति र सुखी परिवारमा सिमित रहन सकेको खण्डमा प्रख्यात दार्शनिक स्वर्गीय जवाहरलाल श्रेष्ठको प्रमुख उद्देश्य मध्येमा एक अंश भए पनि पूरा हुनेछ र उहाँको दिवंगत आत्माले समेत शान्ति प्राप्त गर्नेछ भन्ने मेरो विश्वास रहेको छ ।

सम्पादक

उमेश कुमार रौनियार

हार्दिक कृतज्ञता

हाम्रा प्रिय भाई, नयाँ बानेश्वरस्थित "मुक्तिमार्ग" का प्रवर्तक तथा सञ्चालक जवाहरलाल श्रेष्ठ परलोक भएको दुःखद् घडीमा सशरीर उपस्थित भई तथा सन्देशमार्फत हामीप्रति समवेदना प्रकट गर्नुहुने सम्पूर्ण शुभेच्छुक महानुभावहरूमा कृतज्ञता व्यक्त गर्दछौं ।

दाजु : पन्नालाल श्रेष्ठ एवं अन्य दाजुहरु समेत
सम्पूर्ण परिवार
केलटोल २२७२६८, काठमाडौं ।

विषय सूची

क्र. सं.	विषय	लेखक	पेज नं.
१.	सर्वन्याम्यं मुक्तिमत्वाद	प्रा. सिद्धिनाथ गौतम	८
२.	जवाहरको इच्छा र मुक्तिमार्ग	श्रीराम पौडेल "उदास"	१३
३.	मानव वंश विनाशका लागि धर्म प्रचार	हरि थापा	१८
४.	नवीन दर्शन "मुक्तिमार्ग" आजको चुनौती	कृष्ण राज श्रेष्ठ	२३
५.	जवाहरको कुमार-कुमारीको सिद्धान्त -	सुशील अनुराग	२४
६.	जवाहर स्मृतिपुष्प : विशिष्ट उपलब्धि	श्रीमती गीता अधिकारी	२७
७.	जवाहरको दर्शनमा संकटकाल	पी. पी. गडतौला	२९
८.	मानव मुक्तिका लागि जवाहरको नयाँ धर्म	रमेश कुमार रौनियार	३३
९.	समारोह कार्यक्रमको रुपरेखा	हरिप्रसाद ढुङ्गेल	३५
१०.	स्वागत भाषण	रामलाल श्रेष्ठ	३७
११.	प्रमाण-पत्र वितरण		३८
१२.	सभापतिको भाषण	पन्नालाल श्रेष्ठ	४१
१३.	आजीवन तथा साधारण सदस्यहरुको नामावली		४२
१४.	वार्षिक लेखापरीक्षण प्रतिवेदन		४७
१५.	विभिन्न पत्र-पत्रिकाहरुको समाचार		४९
१६.	ब्रम्हचर्य एउटा दर्शन र साधना हो	जगन्नाथ आचार्य	५२
१७.	प्रकाशकीय "जवाहरको समर्पण र निष्ठा"	पन्नालाल श्रेष्ठ	५९

सर्व न्याम्यं मुक्तिमत्वाद् विदुषां किमशोभनम्

प्रा. सिद्धिनाथ गौतम

कुनै पनि धर्म दर्शन एवं सिद्धान्तको आ-आफ्नै वैशिष्ट्य महत्ता र मौलिकता हुन्छन् । युक्ति, उपपन्ति र तर्कका साथ कान्तदर्शी मनीषीहरूवाट प्रतिपादित सवै नै मत संप्रदाय, न्याम्यं अर्थात् न्यायसंगत नै हुन्छन्, विद्वान्हरूका लागि अशोभनीय भन्ने कुरा के हुन्छ र ? सवै सुहाउँदा नै हुन्छन् ।

"मंशैना: सगुपासते शिव इति व्रह्मेति वेदान्तिनो" वौद्धा वुद्ध इति प्रमाणपाव: कर्तेति नैयामि का : अर्हाभित्वभ रैणशासनरता: कर्मेति मीमांसका :

सोऽयं नो विंदधातु वाञ्छित फलं त्रैलोक्नाथो हरि: ॥

शैवहरु शिव भन्दछन् वेदान्तीहरू व्रह्म भन्दछन्, वौद्धहरू वुद्ध भन्दछन्, नैपामिकहरु कर्ता भन्दछन्, जैनहरू अर्हत भन्दछन् भने मीमांसकहरू कर्म भन्दछन् । यसरी आ-आफ्ना मत मान्यता र सिद्धान्त अनुसार जेजे माने तापनि ती त्रैलोक्यनाथ हरि भगवान नारायण नै हुन् तिनले हामीहरूको अभीष्ट सिद्धि गरुन् । यस्ता मत मतान्तरहरू रहेकै हुन् ।

वेदहरू पनि विभिन्न ऋक्, यजु, साम, अथर्व गरी ४ छन् । धनुर्वेद, गान्धर्ववेद, आयुर्वेद र अर्थशास्त्र गरी उपवेद पनि चारै छन् । मनु, याज्ञवल्क्य, पराशर, नारद आदि ऋषिमुनिहरूका स्मृति पनि विभिन्न छन् । कुनै ठोकुवा यौटै मत र दर्शन नपाइने हुँदा धर्म दर्शनको सारतत्व गूढ रहस्यात्मक नै मानी महाजनौ येन गत: सपन्था: भन्नु परेको हो । अर्थात् देशाचार कूलाचार संप्रदाय अनुसार र आ-आफ्ना पूर्वजहरूले जे जसो मानेका र गर्दै आएकाछन् त्यसैलाई नै आफ्नो धर्मदर्शनको रुपमा अंगिकार गर्नुपर्ने हुन्छ । यिनै यस्तै वास्तविकताले गर्दा नै "चत्वार पूर्वाचरितं रघूत्तमो राजर्षि वपर्मैरमि सेवितं यथा" भगवान् श्री रामचन्द्रले पहिलेदेखिका श्रेष्ठ पूर्वज राजर्षिहरूद्वारा सेवास्वीकार गरिएका आचरण धर्म-दर्शन परिपालन गर्नु भयो भनी श्री राम गीतामा उक्त अनुसार उल्लेख भएको पाइन्छ ।

यिनै यस्ता प्रसङ्ग एवं वस्तु तथ्यलाई हृदयङ्गम गरेर नै महाकवि कालीदासले (इ): प्रथम शताब्दी) 'सरस्वती श्रुतिमहती महीयताम्' यो उद्‌घोष गरेका हुन् ।

सांख्य दर्शनका प्रकृति पुरुष योगशास्त्रका धारणा ध्यान, समाधिद्वारा आत्मदर्शन,

न्याय दर्शनका ईश्वर, वैशेपिक दर्शनको परमाणुवाद, मीमांसाको कर्म सिद्धान्त र वेदान्तको ब्रह्म यी ६ वटा 'आस्तिक दर्शन' का वेग्ला वेग्लै यस्ता मत छन् भने चार्वाक, जैन र बौद्ध दर्शनका माध्यमिक, योगाचार, सौत्रान्तिक र वैभाषिक यी चार हाँगा समेतका नास्तिक छन् नै । दर्शनमा पनि अलग अलग मत/सिद्धान्त रहेका छन् । 'मावज्जीवेत् सुखं जीवेद् ऋणं कृत्वा घृतं पिवेत् । भष्मी भूतष्य देहस्य पुनः राग मनंकुत:' भन्दै चार्वाकले स्थूल देहलाई महत्व दिई आत्मा मानेका छन् । जैन र वौद्धका चार हाँगाले पनि नास्तिक दर्शनको पक्षलाई नै प्रश्रय दिएका छन् । यसरी आस्तिक दर्शन भनौं या नास्तिक दर्शन भनौं सवैतिर कोही स्थूल बाहिरी पक्षलाई मान्छन् भने कोही भित्री सूक्ष्मतत्वलाई महत्व दिई मान्दछन् । भन्नुको तात्पर्य

प्रमुख अतिथि स्वमी भूमानन्दज्यूवाट "जवाहर स्मृति पुष्प" नामक ग्रन्थ विमोचन गर्दै ।

पहिलेदेखि नै आत्मा, ईश्वर वा तत्वका वारेमा विविधता रहेको पाइन्छ ।

यस्ता वैविश्य अर्थात् मतमतान्तरहरूलाई आत्मसात् गरेर नै 'सर्व न्याम्यं मुक्ति मत्त्जाद् विदूषां किमशोभनम् ।' श्रीमद् भागवत् महापुराण एकादश स्कन्ध २२ अध्याय श्लोक २५) श्री कृष्णे द्रुवसंवादमा 'विद्वानका लागि सबै नै शोभादायक नै हुन्छन् । यस्तो प्रतिपादन गरिएको हो ।

जहाँसम्म स्वचालित धर्मका प्रणेता (हालै मानिएका) जवाहरलाल (श्री पन्नालाल श्रेष्ठका भाई) जवाहर मुक्ति मार्गको कुरा , त्यसवारे श्री हरि मञ्जुश्रीले सम्पादन गर्नुभएको 'जवाहर मुक्तिमार्ग' सेवाकेन्द्रद्वारा २५ भाद्र २०५८ मा प्रकाशित 'जवाहर

स्मृतिपुष्प' नामक पुस्तकमा विभिन्न विद्वानहरूले विस्तृत प्रकाश पार्नुभएको हुदाँ सो पुस्तक अवलोकनीय छ ।

'विवाहले विश्वलाई विशाल खाल्डोमा डुवाइ दिन्छ' । 'विवाह गर्नु आफूले आफूलाई धोका दिनु हो' 'कुमार कुमारीत्व नै मोक्ष मार्ग हो ' भन्ने जुन जवाहर मुक्तिमार्गको दर्शन हो, त्यो निवृत्ति मार्गका दृष्टिले स्वाभाविक भएपनि प्रवृत्तिमार्गका हिसावले अव्यावहारिक देखिन आउँछ ।

ब्रह्माजीले अमैथुन श्रृष्टि अर्थात् मानस श्रृष्टि गरी सनकादि कुमारहरू अन्य ऋषि महर्षिहरू श्रृष्टि गर्नुभयो तापनि त्यो अपर्याप्त हुँदा सन्तुष्ट हुन नसकी आफ्नै शरीरको दुई पाउवाट स्वयम्भुवमनु र शतरूपा रानी श्रृष्टि गरी ती दुईको संभोगवाट मिथुन श्रृष्टि प्रारंभ गर्नुभएको हो । यो चराचरजगत् संसारको श्रृष्टि ब्रह्माले गर्ने, त्यसको स्थिति पालन विष्णुले गर्ने र आवश्यक पर्दा संहार महेश्वरले गर्ने यस्तो व्यवस्था, सर्वशक्तिमान् भगवान् परब्रह्म, परमात्मा, परमेश्वरको सदिच्छाअनुसार भएको हो । यस्तो श्रृष्टि चक्र, भवसागर संसारको सञ्चालन व्यवस्था नहुने हो भने भगवत्शक्तिको लीला माया एवम् अवतार आदि सवै निरर्थक हुन्छन् । 'यवाकघत् पिण्डे तावतद्ब्रह्माण्डे' जे जे पिण्ड शरीरमा छ त्यो त्यो ब्रह्माण्डमा छ भनी ब्रह्माण्डको नै पिण्ड शरीरमा परिकल्पनासम्म गर्दै विशाल श्रृष्टि चक्र परम्परालाई अपरिहार्य नै सिद्ध गरिएको छ । अन्यथा ब्रह्मा, विष्णु, महेश्वर यी तीनैको शक्ति, सामर्थ्य एवं सक्रियता नै कुण्ठित र निष्क्रिय हुन जान्छन्, संसारी लीला माया नै व्यर्थ हुन जान्छन् । अर्थात् प्रवृत्ति नभए निवृत्तिको र संसार नभए मुक्तिको कें महत्त्व र सार्थकता हुन्छ र ? संसार श्रृष्टि न मान्दा कुमार कुमारी कहाँ पाउने कहाँवाट हुने ? यो यस्तै छ । 'प्रवृत्ति रेषा भूतानां निवृत्तिस्तु महाफया मैथुनादि क्रिया प्राणीमात्रमा स्वत: प्रवृत्तिका रूपमा छन् तापनि निवृत्ति असल हो राम्रो हो, मनुको मान्य पनि यस्तो छँदैछ ।

अपवर्गे तृतीया, यस्तो सूत्र लेख्ने महान् वैयाकरण महर्षि पाणिनि (ई.पु ५ औं शताब्दि) ले अपवर्ग मोक्षका लागि प्रकृति नपुंसक हुनु पर्दछ । स्त्री र पुरुष यी दुई प्रकृति संसारी हुंदा मोक्षका अधिकारी हुँदैनन् भन्ने आशय व्यक्त गरेका छन् । यसै संकेत आशयलाई 'नैषधिप चरीतम्' महाकाव्यका रचयता श्री हर्ष (ई.पु. वान्हौं शताब्दि) ले सत्रौं सर्ग नलदमयन्ति स्वयंवर विवाहोत्तर इन्द्रादि देवताहरूको आस्तिक परंपरा विरोधी संवादमा कहिले 'अपवर्गे त्ृवीयेति भणत: पाणिणे रापि भनी पाणिनिको

उक्त सूत्र सिद्धान्तलाई जोड दिँदै गर्जना गरेको छ । यसरी हेर्दा विवाह मोक्षकालागि वन्धन हो भन्ने सिद्धान्त दर्शनको सूत्रपात संकेत पिहलेदेखि नै भएको पाइन्छ ।

समकादि कुमारदेखि हेर्दैजाँदा देवव्रत भिष्मपितामह लगायत अनेकौं ऋषि महर्षिहरू सन्त महन्तहरू मति सन्यासी भिक्षु भिक्षुणी, ब्रह्मवादिनी विदुषीहरू आद्य शङ्कराचार्य, शुकदेव स्वामी जस्ता स्वामी महात्माहरू विवाह वन्धनदेखि परै रही ब्रह्मचर्य जस्तो कठोर व्रत सर्वथा असिधारा व्रत परिपालन गर्दै प्रकृतिको नैसर्गिक नियम व्यवस्थामाथि विजय प्राप्त गर्ने हठव्रत विरक्ताशिरोमणि महात्माहरू संसारमा नभएका होइनन् । त्यस्ता पुण्यश्लोक ज्ञानी महात्माहरू प्रथम प्राथमिकताका साथ स्तुत्य मननीय एवं

प्रमुख अतिथिज्यूवाट प्रमुख संरक्षक एवं अध्यक्ष पन्नालाल श्रेष्ठलाई प्रमाण-पत्र वितरण गर्दै ।

प्रशंसनीय हुँदा तिनीहरूप्रति हामी नतमस्तक नभई रहन सक्दैनौं ।

मुक्ति तर्फ पनि शास्त्रसम्मत हुनु पर्ने दुस्तर्क गर्न नपाइने शास्त्रीय मर्यादा हुँदा उपर्युक्त सबै परिप्रेक्ष्यमा विवेचन गरी हेरेमा स्वचालित धर्म जवाहर मुक्ति मार्ग पनि कोरा कपोलकल्पित नभई नामुलं लिखतेकिञ्चन्नान पे क्षिष्भुच्यते । फेदमूल जरो नभएको र काम नलाग्ने न लेख्नु र नभन्नु । यस्तो अनुसन्धान सिद्धान्त अनुसार शास्त्रोक्त संप्रदाय एवं मूल स्रोत सूत्रबाट नै निष्पन्न भएको सिद्ध हुन आउँदछ ।

सुवर्ण स्मृति प्रतिष्ठानका अध्यक्ष अग्रज पत्रकार आदरणीय दाजु श्री पन्नालाल श्रेष्ठले जवाहर स्मृति पुष्प नामक पुस्तक दिनु हुँदा स्व. जवाहरको दोस्रो पुण्य तिथिमा प्रकाशित हुने पुस्तक स्मृति संगालोमा समावेश भई सानो लेख रचनामा अपेक्षा गर्नु

भएवाट यी दुई चार अक्षर कोर्ने अभ्यास गर्ने मौका प्राप्त भएको हो । यसको लागि श्री पन्नादाईप्रति हार्दिक कृतज्ञता एवं साधुवाद प्रकट गर्दछु, साथै स्व. जवाहरको आत्मालाई चिर शान्ति मिलोस् यही भगवान्सँग प्रार्थना गर्दछु । सर्वे भवन्तु सुखिन: अस्तु । तमसो मा ज्योतिर्गमय
२०५९ वैशाख पूर्णिमा

ताहचल छाउनी का.म.पा. १३ नं. वडा
२०५९ वैशाख पूर्णिमा



प्रमुख अतिथिज्यवाट सल्लाहकार प्रा. डा. हरिप्रसाद गौतमज्यूलाई प्रमाणपत्र प्रदान गर्दै ।

जसरी आत्मा छ, त्यसरी नै ईश्वर छ ।
जसरी ईश्वर छ, त्यसरी नै स्वर्ग छ ।

जवाहरको इच्छा र मुक्तिमार्ग

श्रीराम पौडेल 'उदास'

सेवा नै धर्म हो, धर्म नै सेवा हो । सेवा र धर्म एक आपसमा परिपुरक छन् । न त धर्म विना सेवा हुन सक्दछ , नत सेवाविना धर्म नै हुन सक्छ । यसरी सेवा र धर्ममा एकदमै नजिकको तादात्मकता पाइन्छ । यस कुरामा कसैको दुईमत हुनेछैन । संसारमा धेरै प्रकारका धर्महरू सञ्चालन भएका छन् । यसको साथसाथै धेरै प्रकारका सेवाहरू पनि त्यो किन सञ्चालन भएका छन् भने सवै मानव मोक्षका लागि नै संचालन भएका छन् । चाहे त्यो हिन्दू धर्म होस्, चाहे त्यो बौद्ध धर्म होस्, चाहे त्यो मुस्लिम वा जैन, शिख, आदि जे सुकै हुन् आखिर सवै मानव मोक्षकै लागि हो । सेवा पनि त्यस्तै त्यस्तै प्रकारले संचालन भएको छ । खासगरी भन्ने हो भने सेवा मानव जीवनको विकास र सन्तुष्टिको लागि गरिन्छ भने धर्म चाही मरणोपरान्त स्वर्गीय मार्गलाई सरल र सहज आत्मशुद्धिको साथसाथै मोक्ष प्राप्तीको लागि गरिन्छ। सवै धर्मको लक्ष्य पनि यही नै हो खाली ईश्वरको आराधना गर्ने शैली मात्र फरक फरक हो ।

सेवामा पनि चाहे त्यो देश सेवा होस् , चाहे त्यो समाज सेवा होस्, चाहे त्यो गुरू सेवा होस्, चाहे त्यो मातापिताको सेवा होस्, चाहे त्यो धर्म सेवा होस् सवै सेवा मानवको आत्मा सन्तुष्टिको लागि गरिएका हुन्छन् । असल कार्य गरेर पाइने सन्तुष्टि नै यथार्थमा मोक्ष हुनु हो । खराव कार्य गर्नाले आत्मसन्तुष्टि र मोक्ष प्राप्त हुँदैन । त्यस्तै स्वचालित धर्मका प्रवर्तक स्वर्गीय जवाहरलाल श्रेष्ठको जीवन पनि सेवा र धर्मसँग गाँसिएको छ । उहाँले आफ्नो जीवनकालमा स्वचालित धर्मको पालना गरेर आफू आजीवन आवाल व्रम्हचारी रही आफ्नो जीवन बिताएर यस संसारलाई छाड्नु भयो। उहाँ मोक्ष हुनुभयो । उहाँ स्वयम आफू मात्र मोक्ष हुनु भएन कि उहाँले यस संसारका सवै मानवहरूलाई मानव मोक्षका लागि स्वचालित धर्मको सूत्रपात गरी विभिन्न प्रकारका मानव मुक्तिका सन्देशहरू दिएर जानुभएको छ । जस्तै यो संसारमा उठे देखि नसुतेसम्म समस्या नै समस्या छ संसारका कुनै पनि मानिसहरूलाई समस्या आउने भनेको दिनमा मात्र हो रातमा कसैलाई पनि समस्या आउँदैन यो ध्रुव सत्य कुरा हो । अर्को आकाशमुनि आँशु मात्रै छ, आकाशमुनी आशा

मात्रै छ यस कुरालाई पनि कसैले नकार्न मिल्दैन । तर, आकाशमुनि आँशुमात्र छैन हाँसो र क्षणिक खुशी पनि छ त्यस्तै आकाशमुनि आशा मात्र छैन निरासा पनि छ । त्यस्तै मित्रता कायम गर्न व्यवहार राम्रो हुनु पर्दछ यस कुरामा ज्यादै सत्यता लुकेको छ । उहाँको भनाइ छ कुनै पनि मुलुकको कुनै पनि पद कसैको जन्मसिद्ध अधिकार होइन । शासकको लक्ष्य शान्ति हुनु पर्दछ । कुनै पनि वच्चा यो संसारमा आउनुवित्तिकै रुन्छ । शुरूमा रोएको वच्चा अग्लो हुन्छ जवान भएपछि वीच-वीचमा रुँदै रुँदै गएर वुढेसकालसम्म पनि रुन्छ, वुढेसकालको रोगको पीडा खपिनसक्नु भएर अथवा जीवनसाथीसँगको विछोडले गर्दा आँशु पिएर वस्दछ । यसरी सधै यो संसारवाट जीवन नै जान्छ त्यसैले आँशु नै जीवन दर्शन हो ।

असत्य संसारलाई सत्य वनाउने हो भने पद र पैसालाई होइन वुद्धिलाई सलाम



प्रमुख अतिथिज्यूवाट ग्रन्थ सम्पादक श्री हरि मञ्जुश्रीलाई प्रमाणपत्र प्रदान गर्दै ।

गर्ने गर्नुहोस् ।

शक्तिको दवावले संसार डुविसक्यो अब वुद्धिको दवावले यो संसार उत्रिन्छ ।

पृथक पृथक दु:ख पाउने ठाउँको नाउ नै पृथ्वी हो । पैसामा विक्ने सिद्धान्त कस्तो सिद्धान्त ? पैसामा विक्ने नाता कस्तो नाता ? पैसामा विक्ने मित्रता कस्तो मित्रता ? मायाभित्र मानव जातिको यातना छ । मायाको पूरा माने हो मानवयातना । सत्चरित्र नै सत्य हो सत्चरित्रविनाको व्यक्ति वेकार हुन्छ । उहाँको अर्को भनाईछ ।

जन्म नृत्यु नै पाप हो, यहाँ आउँदा सम्पूर्ण मानवहरूद्वारा कष्टकर जीवन

विताउनु पर्दछ भने अन्त्यमा यस संसार छाड्दा समेत कष्टका क्षणहरू झेल्नु पर्दछ । त्यसैले सम्भोग, यौन सम्सर्ग मोक्षको मार्ग होईन, कुमार कुमारीत्व जोगाउनु नै सर्वश्रेष्ठ मानवमुक्तिको मार्ग हो । यसैमा सवै मानवजातिको मोक्ष छ । यस्तो थियो उहाँको दर्शन ।

स्वर्गीय जवाहरलाल श्रेष्ठ जीवित रहँदा म उहाँको निवासस्थान वानेश्वरको मुक्तिमार्गमा वारम्वार जाने गर्दथें उहाँसंगको भेटघाटमा उहाँ मलाई भन्ने गर्नु हुन्थ्यो हेर मानिसले इमान्दारीताका साथ काम गर्ने हो भने मृत्युपश्चात् पनि धर्म र समाजका पक्षमा काम गर्न सकिन्छ । किनभने व्यक्तिले राम्राराम्रा कुराको अनुशरण गर्न सक्नुपर्दछ । नराम्रा नराम्रा कुरालाई फाल्दै जानुपर्दछ मैले वोलेका र सोचेका सवै राम्रा मात्र हुन्छन भनेर म भन्दिन तर तपाइरूले आफूलाई मनमा लागेका राम्रा कुराहरूलाई मात्र आफ्नो मनमा लिएर हिड्नु भयो र त्यसलाई आफ्नो जीवनमा प्रयोग गर्नुभयो भने मात्र पनि म त्यसमा आफूलाई धन्य सम्झने छु । हेर्नुहोस्, तपाईहामीले देखेकै छौं यहाँ धेरै व्यक्तिहरूले धर्म, संस्कृति, देश र समाजका लागि धेरै राम्राराम्रा कामहरू गर्दै आएका छन् जस्तो धर्म संरक्षणको लागि पशुपति क्षेत्र विकास कोष, समाज कल्याण परिषद्, नेपाल राजकिय प्रज्ञाप्रतिष्ठान, नेपाल शिक्षा परिषद्, महेन्द्र संस्कृत विश्वविद्यालय त्यस्तै अन्य गैरसरकारी संस्थाहरू विभिन्न पुरस्कार गुठीहरू स्थापना हुनु यो देश र समाजको लागि धेरै राम्रा कार्यहरू हुन् । यस्ता खालका कार्यले मानिसलाई मृत्युपरान्त पनि अमर बनाउँदछ ।

हेर्नुहोस् मैले २५/३० वर्षसम्म पनि पसिना वगाएर दुःख कष्ट सहेर आफैले आफ्नो कमाइद्वारा आफूलाई यहाँसम्म ल्याउन सफल भएको छु । मेरो त कोही आफ्नो भन्ने पनि छैन पराइ भन्नु पनि कोही छैन त्यसैले मैले यो सव कार्य आफू र आफन्तहरूको लागि गरेको पनि होइन । मैले त सवै मानवजातिको भलाइको लागि मात्र गरेको हुँ ।

मसँग अहिले मैले दुःख गरेर जोगाएको केही रकम पैसा छ । यसको साथसाथै मेरो एउटा इच्छा पनि छ । तपाईहरू जस्तै केही साथीहरू मिलेर यस कार्यलाई अगाडि वढाउनुपर्‍यो, मान्छेको के ठेगान मैले यस संसारवाट विदा लिएपछि मेरा इच्छा र कार्यहरू सवै लोप हुने छन् । त्यसैले यस कार्यलाई निरन्तरता दिने हो भने यस कार्यलाई संस्थागतरुपमा नै अगाडि वढाउनु पर्दछ । मेरो सवै चल अचल सम्पत्तिलाई मैले संस्थागत गरिदिएको छु । मेरो इच्छालाई कसैले रोक्न

सक्दैन र हुँदैन पनि । यो कुरा कुनै कानूनविपरित पनि हुँदैन मलाई किन चाहियो ? मेरो यो मुक्तिमार्गले केही राम्रा-राम्रा कार्यहरू गरेर मेरो यो अभियानले जीवन्तता पायो भने भैगो । मैले जन्माएको मुक्तिमार्गले मेरो मृत्युपछि पनि बाँच्ने अवसर पाईरहोस् , यसलाई जसले चलाए पनि हुन्छ । मेरो इच्छा पनि यही हो । अन्यथा मेरो नाउँमा कोही कसैले नचाहिँदो काम गरी मेरो इच्छा र आशालाई एकातिर पन्छाएर मैले २५/३० वर्षसम्म लगाएर कमाएको पसिनालाई लापर्वाही गरेर दुरूपयोग गरियो भने मेरो आत्मामा शान्ति मिल्ने छैन मेरो पसिनामाथि लापर्वाही गर्नेहरूको आत्माले पनि शान्ति पाउने छैन यो स्वयं स्वर्गीय जवाहरलाल श्रेष्ठको भनाई हो ।

स्वर्गीय जवाहरको त्यो सपनालाई पूरा गर्ने पुनीत कार्यको थालनी उहाँका स्वयम् दाजु पन्नालाल श्रेष्ठले गर्नुभएको छ । जवाहरको मृत्यु भएको एक वर्ष पनि

प्रमुख अतिथिज्यूवाट जुनारवावु वस्नेतलाई प्रमाणपत्र वितरण गर्दै ।

वित्न नपाउँदै पन्नालाल श्रेष्ठले केही विद्वान मित्रहरूसँग सरसल्लाह गरी सबै साथीहरूको राय सल्लाह र आफ्नो भाईको ईच्छावमोजिम जवाहर मुक्तिमार्ग सेवा केन्द्र नामको एउटा गैरसरकारी संस्थाको गठन गरी त्यस संस्थालाई विधिवत रूपमा संचालन गर्दै आउनुभएको छ । सो संस्थामा स्वर्गीय जवाहरका आफ्नै परिवारका सदस्यहरू संस्थापक सदस्यहरू रहनु भएको छ र विभिन्न क्षेत्रमा कार्यरत विद्वानवर्गहरू यस संस्थाको सल्लाहकार समितिमा रहनु भएको छ । यस संस्थाको कार्यालय काठमाडौं महानगरपालिका वडा नं. ३४ वानेश्वर एन.के. सिंह मार्गमा

अवस्थित छ ।

यस संस्थाले हालसम्ममा दार्शनिक जवाहर स्मृती पुष्पको प्रकाशन र केही दार्शनिक लेखक तथा समाजसेवीहरूलाई सम्मानीत समेत गरेको छ र हाल आएर वर्षमा १० जना प्रतिभाशाली जेहेन्दार तथा आर्थिक अवस्थामा कमजोर भएका विद्यार्थी वालवालिकाहरूलाई छात्रवृत्तिको समेत व्यवस्था गरेको छ ।

यस कार्यको साथसाथै यस संस्थाले यस वर्षदेखि वर्षको एक पटक शहरका खाते वालवालिका र वृद्धवृद्धाहरूलाई भोजनको पनि व्यवस्था गर्ने निर्णय गरेको छ ।

झण्डै आज भन्दा ५/७ वर्ष अघि स्व. जवाहरलाल श्रेष्ठसंग भएका पटकपटकको वहस र छलफलका क्रममा निस्किएका कुराहरू अहिले व्यवहारिक रूपमा सफल हुँदै आएकोमा मलाई एक प्रकारको सन्तोष र आनन्दको अनुभुति भएको छ भने स्वर्गीय जवाहरलाल श्रेष्ठको आत्माले पनि सन्तोष र आनन्दको अनुभुति भएको होला भन्नेमा म विश्वस्त छु ।

(साहित्यकार श्री राम पौडेल 'उदासी' मुक्तिमार्गका संस्थापक स्वर्गीय जवाहरलाल श्रेष्ठका आत्मिय मित्र हुनुहुन्छ ।)

शुभ-कामना

२०५९ सालको शुभ विजया दशमी एवं दीपावलीको शुभ उपलक्षमा
समस्त नेपाली दाजु भाई तथा दिदी बहिनीहरुमा
यस "मुक्तिमार्ग" परिवारका तर्फबाट
हार्दिक शुभ-कामना व्यक्त गर्दछौं ।

संस्थापक, प्रमुख संरक्षक एवं अध्यक्ष
पन्नालाल श्रेष्ठ
एवं
जवाहर मुक्तिमार्ग सेवा केन्द्र
परिवार

कुनै कुरा प्राप्त गर्न कुनै कुरा त्याग्नु पर्छ ।
मोक्ष प्राप्त गर्न विवाह त्याग्नु पर्छ ।

मानव वंश विनाशका लागि धर्म प्रचार

हरि थापा

३३ करोड देवी देवता मान्ने हिन्दूहरूका लागि वानेश्वर निवासी जवाहरलाल श्रेष्ठ चुनौती हुन खोजेको वताउँछन् । शास्त्रका प्रकाण्ड विद्वानहरूलाई समेत खुल्लारूपमा ललकारी रहेका जवाहरले आफूले विश्वमा हालसम्म देखा परेका धर्मभन्दा अलग्गै मोक्षको ग्यारेण्टी भएको "स्वचालित धर्म"को प्रचार शुरू गरेको कुरा प्रचारमा ल्याउन थालेका छन् ।

मोक्षमार्गका लागि कुमार कुमारी रहनुपर्ने र विवाह गरेर वच्चा जन्माउनेहरूले जनम जनमसम्म स्वर्गको सुख भोग्न नपाउने वताउने जवाहर परिवार नियोजनका लागि विशेषज्ञ ठानिन सक्छन् ।



कुमार-कुमारी रहनु आफ्नो "स्वचालित धर्म" मा मोक्ष प्राप्त गर्ने सजिलो उपाय वताउने जवाहरले मोक्ष मार्गका लागि कुमार कुमारित्वको तार्किक विकल्प प्रस्तुत गर्न सक्नेलाई रू एक लाख पच्चीस हजार पुरस्कार दिने घोषणा गरेका छन् । उनका अनुसार विकल्प जायज हुनुपर्नेछ । साधन प्रयोग गर्न पाइने छैन ।

२०५० मंसीरदेखि वानेश्वर मीनभवनमा कार्यालय खोलेर बसेका जवाहरको धार्मिक भविष्यवाणी यस्तो छ - अव यो संसारमा निश्चित मोक्ष खोज्न सक्ने कुनै पनि नयाँ धर्म प्रवर्तकको जन्म हुने छैन । संसारको सृष्टिदेखि सृष्टिको अन्तसम्म कुनै पनि विद्वानले मलाई पराजित गर्न सक्ने छैन । पृथ्वीको जीवनभर नेपालको नाम अमर रहनेछ । प्रस्तुत छ - मानव वंश विनाशको एकांकी सपना देख्ने आधुनिक गुरूको जीवनलीला ।

१३,१४ वर्षदेखि कविता लेख्न थालेका जवाहरका धेरैजसो साथीहरू जवान थिए । जवाहरका अनुसार उनलाई यस्तो दैवी शक्ति प्राप्त भयो कि यो संसार माकुरोको जाल जस्तो हो ।

त्यसै समयमा उनको एक जना युवतीसँग प्रेम भएको थियो । ती युवतीसँगको प्रेमपछि जवाहरले यस्तो फैसला गरेका थिए कि यदि तिमीसँग विवाह भयो भने भयो भएन भने जीन्दगीभर विवाह गर्दिन ।

प्रेमको कुरा घरसम्म पुग्यो । आमा-वावुले यसवारेमा जानकारी लिन खोज्दा पनि जवाहरले त्यही अठोट दोहोऱ्याए । वावु आमावाट सहमति पाए पनि भाउजूहरूसम्म यो कुरा पुग्दा कुराले अर्कै मोड लियो । भाउजूहरूलाई इर्ष्या भयो । पढेलेखेकी देउरानी आएमा आफूहरू तल पर्ने मनसायले उनीहरूले विभिन्न वहानामा केटीलाई कुरा लगाएछन् । त्यसपछि त जवाहरकी प्रेमिका भेटेपछि पनि वोल्नै छाडिन र

प्रमुख अतिथिज्यूवाट गोकुलप्रसाद शर्मालाई प्रमाण-पत्र वितरण गर्दै ।

विस्तारै उनीहरूको प्रेम विवाहको पक्ष समाप्त भयो ।

विवाह नहुने भएपछि र आजीवन विवाह नगर्ने निर्णयको द्वन्दमा जवाहरले आफ्नो गन्तव्य सोच्न थालेछन् । यो संसार दुःखपूर्ण छ म त दुःखमा फसें । वच्चैदेखि गरीवीको ठोकर खाएर आएको । यो संसार त वडो उल्झन रहेछ । अव मैले पनि अरूलाई यसमा फसाउनु भएन । त्यंसैले मैले विवाह नगर्नु पनि ठीकै छ । मैले विवाह नगरेपछि मेरो छोरा छोरी नाति पनातिले त उल्झनमा फस्नुपर्दैन भन्ने ठानी म खुशी भएँ ।

त्यतिकैमा जवाहरलाई के विचार आएछ भने आफ्नो यो सोचाईलाई उनले दर्शन बनाउने विचार गरेछन् । उनको त्यति वेलाको सोचाई अनुसार यदि मैले जस्तै

संसारमा सबै कुमार कुमारीहरूले विवाह गरेनन् भने त यो दु:खी संसारको खेल खत्तम । बुद्धले सफल पार्न नसकेको मानवलाई सुखी वनाउने योजना सफल पार्न म सफल हुँला ।

यो सोचाई आउनुभन्दा पहिले जवाहर विश्व राजनीतिको अध्ययन गर्दै थिए । त्यसवेला खुंखार कांग्रेस भएर १५ सालदेखि १७ सालसम्म उनले काम गरेका रहेछन् । तर १७ सालमा वीपीलाई अपदस्त गरिएपछि दरवारको भरमा वन्दूकको भरमा राजनीति गरेर ठीक हुँदैन भन्ने निचोडमा पुगेर जवाहरले राजनीतिक जीवनलाई आजीवन तिलाञ्जली दिएका रहेछन् । त्यसपछि विश्व राजनीतिमा अनुसन्धान गर्न शुरूवात गरे पनि २०२० सालतिर जंगलतिर घुम्दा स्वचालित धर्मको विचार आएछ । तर एक पटकमा एक कुरा भन्ने सिद्धान्तका कारण उनले पुन: राजनीतिक अनुसन्धानलाई नै निरन्तरता दिएछन् । र, २०२४ सालसम्मको अनुसन्धानको निक्यौंल नै विश्वको एकीकरण हो ।

एन. आई. डी.सी. मा कार्यरत जवाहर गत वर्षदेखि २५ वर्षमा परेर जागिरवाट अवकाश प्राप्त छन् । वानेश्वरस्थित आफ्नो घरको भूइँतल्लामा रु तीन हजार भाडा तिरेर वसेको मान्छेलाई उठाएर उनी आफैले कार्यालय खोलेका छन् ।

उनले आफ्नो कामकाजलाई सरकारी ढांचामा परिणत गरेका छन् । दैनिक १० वजे अफिस खोल्ने, सफा गर्ने, २ देखि २:३० वजेसम्म खाजा खाने र ५ बजे वन्द गर्ने गर्दछन् । र, अर्को महत्वपूर्ण कुरा के छ भने उनी सो कार्यालयका एक्ला हर्ताकर्ता हुन् । पियनको समेत व्यवस्था छैन ।

उनका अनुसार कसैले चन्दा दिन चाहन्छ भने उसले नगद नदिइकन आपसी सल्लाहवाट एउटा निश्चित उद्देश्य पूरा गरोस् यसो किन गरिएको रे भने नगद लिंदा हिनामिनाका आरोप लाग्न सक्छ र उनको विश्व प्रतिष्ठानमा आँच आउँछ रे । उनका न सन्तान छन् न आफूलाई नै अपर्याप्तता छ त्यसैले कुरा काट्ने मौकै नदिएका रे ।

जवाहर आफ्नो दर्शन प्रस्तुत गर्न थाल्छन्- "धर्मको मुख्य लक्ष्य मुक्ति हो । आजसम्मका कुनै पनि धर्ममा पनि मुक्तिको ग्यारेन्टी छैन । महापुरुषहरुका मुक्तिका कुरा हालका कतिपय धर्ममा उल्लेख भए पनि त्यसको के ग्यारेन्टी ?"

तर उनले ठोकुवा गरेर भने -"मेरो धर्म अनुसार आजीवन कुमार कुमारी वस्न सके महापुरुष मात्रै हैन, चोर, डाँका, फटाहा, लुच्च लाटा, लाटी सबैको मुक्तिको

ग्यारेन्टी ।"

प्रेममा धोखा खाएका जवाहरले हालसम्मको लगनमा सृष्टि नै गलत सावित ठानेको वताए । कुमार-कुमारी रहनु नै मुक्तिको स्वर्णिमद्वार रहेको वताउने उनको विचारमा यसमा अरु थप्नु सट्टा भएकोलाई फाल्दै जानुपर्छ ।

"मुक्तिमार्गको लागि कुमार-कुमारीत्वको विकल्प नै छैन । आजीवन कुमार कुमारी हुन सकेको खण्डमा व्यक्तिदेखि मानवजातिको मुक्ति निश्चित । त्यसैले क्राइष्ट, कृष्ण, बुद्ध, महम्मदले मुक्तिका लागि जे खोजेका थिए, त्यो उनीहरूले पाएनन्, मैले पाएँ । अर्को कुरा वुद्धले दु:ख छ भनेर मात्रै भने तर मुक्तिका कुरा खुलस्त पार्न सकेनन् तर म भन्छु - मुक्ति- मोक्षको ठेट अर्थ मरिसकेपछि पुन: जन्म नहुनु हो । त्यसैले कुमार-कुमारी वस्नु नै मुक्तिको एकमात्र विकल्प हो ।

प्रमुख अतिथिद्वारा शिवदत्त ढकाललाई प्रमाण- पत्र प्रदान गर्दै ।

पुनर्जन्मका सम्वन्धमा पनि जवाहरको आफ्नै दर्शन, अनुमान छ । उनका अनुसार हामीलाई रिंगटा लागेको बेला आकाशमा देखिने जुनकिरी जस्तो स-साना तिरमिरे ताराहरू नै पुनर्जन्मका लागि तयारी आत्माहरू हुन् । यहाँ कसैको वैवाहिक सम्बन्ध भएर गर्भ रहेमा त्यसैबाट एउटा आत्मा प्रवेश गर्छ । र, उनले के चुनौती दिएका छन् भने यदि यी कुराहरू पुनर्जन्मका आत्मा हैनन् भने के हुन् र कहाँ छन् ।

जवाहरका अनुसार उनको धर्म हिन्दू धर्मको पुनर्जन्मको भिन्नता यस्तो छ - हिन्दू धर्म भन्छ- मोक्ष भएर स्वर्ग पुगेपछि स्वर्गको भोग चलन सकेर फेरि पुनर्जन्म

हुन्छ । तर म के भन्छु भने जो पुनर्जन्म हुन्छ त्यो स्वर्ग पुग्दैन र जो स्वर्ग पुग्छ त्यसको पुनर्जन्म हुदैन ।

यौन सम्पर्क नै जवाहरको धर्ममा वर्जित छ । वैवाहिक परम्परालाई यथावत् चलाउने हो भने विश्वले नै १०-२० वर्षपछि इथियोपिया, सोमालिया र रूवाण्डाको नियति भोग्नुपर्छ । परिवार नियोजन असफल भएको समयमा यो धर्मको अनुशरण गरेमा एकातिर परिवार नियोजनको उद्देश्य सफल भएर आगामी १०-१५ वर्षमा जनसंख्या नियन्त्रण भएर जनताको आधारभूत आवश्यकता पूरा हुन्छ भने अर्कोतिर कलियुगवाट सत्य युगतिर गयो । सत्य युगवाट मोक्षतिर जान्छ ।

जवाहरको निष्कर्ष छ संसारको मुख्य मुख्य विषयहरूमध्ये धर्म, राजनीति र दर्शन नै हुन् । २५ वर्षको अनुसन्धानपछि तिनै विषयको एक मात्र निचोड आयो, त्यो हो - विवाह वन्द गर्नु । किनभने विवाह नै संसारका सवै समस्याको मूल स्रोत हो । विवाह वन्द गर्न सके संसारको सवै समस्या स्वत: समाप्त हुन्छ । विवाह वन्द गर्नु नै संसारको लागि एक मात्र उपाय हो । मानव जातिको लागि यो भन्दा राम्रो उपाय कसैले पनि पत्ता लगाउन सक्ने छैन । जो व्यक्तिले विवाहको समर्थन गर्छ त्यो व्यक्ति कुनै पनि हालतमा विद्वान होइन । विवाह नै विश्वको भ्रम हो ।

साभार: सचेत २०५१ असोज

मानव जातिको लागि मुख्य विषय नै धर्म हो ।
धर्मको मुख्य कुरा नै मोक्ष हो । जुन धर्ममा निश्चित
मोक्ष छ त्यही नै सच्चा धर्म हो ।

नवीन दर्शन "मुक्तिमार्ग" आजको चुनौती

कृष्णराज श्रेष्ठ

विश्वको इतिहासका पानामा धेरै जसो अमानवीय स्वभावका क्रुर, हिंसक र शोषकहरू नै वढी मात्रमा देखापर्ने गरिन्छ । मानव जातिको कल्याण र सुख शान्तिको पथ प्रदर्शकहरू ज्यादै कम मात्र देख्न पाउछौं ।

यही कारणले मानवले आफ्नो सृष्टि देखि आजसम्म दु:ख कष्ट र अन्यायलाई सहँदै अशान्तिका साथ युग-युग विताउन विवश भएको कुरा यथार्थ हो ।

मानव कल्याण र मानव समाजको खुसहाली चिताउने मानवतावादी न्यून रूपमा भए पनि यो धर्तीमा समय समयमा देखापरे पनि यस्ताको विरोधी यही मानव समाज नै हुने गर्दछ । मानव समाज र यस्का सोच विचार भ्रष्ट र अविवेकीहरूको वाहुल्यतामा क्रमिक विकसित भै मौलाउनुलाई सज्जन र विवेकीहरूको हारका रुपमा लिनु परेको छ । आजको मानव समाज नै मानवीय मूल्य र मान्यताको विरोधी वन्नु पनि यही कारणले हो ।

एक कर्मचारी पेशामा रही आफ्नो अध्ययन र चिन्तनले मानव कल्याणका लागि निस्वार्थ एक नवीन दर्शनको रूपमा "मुक्तिमार्ग" नामक मौलिक दर्शनका आविस्कारक स्वर्गीय जवाहरलाल श्रेष्ठ लाई पनि भन्नेले जे जस्तो रूपमा मूल्यांकन गरे पनि उहाँको मौलिक "मुक्तिमार्ग" अर्थात मानव कल्याणको लागि अविवाहित रही यो पृथ्वीबाट मानव अस्तित्वलाई लोप गर्नु नै मानव जातिको कल्याण मान्ने उहाँको सोच दर्शन निसन्देह एक चुनौतीका रूपमा देखा परेको छ । यो नै आजका लागि उहाँको "मुक्तिमार्ग" दर्शनको सफलता हो ।

(कृष्णराज श्रेष्ठ जवाहर मुक्तिमार्ग सेवा केन्द्रका सल्लाहकार, लेखक एवं समाजसेवी हुनुहुन्छ)

आजीवन कुमार कमारी रहनु नै सच्चा धर्म हो ।

जवाहरको कुमार-कुमारीको सिद्धान्त र गम्भीर विषयको अनुभव

सुशील अनुराग

जीवनभर कुमार-कुमारी वसी सृष्टि र यस पृथ्वीको अन्त्य गरौं । व्यक्तिको जन्म नै सम्पूर्ण दु:खको कारक हो । र, अझ यसभन्दा पनि वायुपँखी घोडा चढेर जवाहरले घोषणा गरे - यौन संसर्ग समेतवाट जीवनभर त्यसलाई त्याग्नु कुमार कुमारीको कर्तव्य हो ।

तर यौनलाई कसरी त्याग्ने त भन्ने कुरा चाहिं मानव जातिलाई वताउनु आवश्यक ठानेनन् - जवाहरले ।

यही उडन्ते कुरालाई वोकेर आफै सपना महलको प्रेम दु:खान्तमा परेको तिलस्मी कथाको कथामा जवाहरले विज्ञहरूलाई मनोरञ्जन दिइरहे ।

तर जवाहर भने त्यही मनोरञ्जनलाई आफ्नो कुमार-कुमारीको व्यापक रूपमा हावासरी फैलिएको प्रचार भनेर आफ्नै तालमा मक्ख परे । यसै मक्खाइवाट उनले आफ्नो वेतुकको सिद्धान्तलाई चुनौती दिने व्यक्तिलाई एक लाख २५ हजारको इनाम दिने र परिवार नियोजनको पनि साधन प्रयोग गरेर यौन संसर्ग गर्न नपाइने डंका पिटेर विभिन्न किसिमका पत्रपत्रिकाहरूमा अनेकन् विज्ञापन छपाए ।



"जवाहर स्मृति पुष्प" विमोचन समारोहमा उपस्थित महानुभावहरू

जवाहरको आफ्नो सवालमा उनी व्यक्तिगत रूपमा देखिंदा जति सोझा देखिन्थे, उनको सिद्धान्त भने वहुतै अङ्वाङ्गे र वाङ्गो थियो । न यौन संसर्ग नगरेको भनेर कसैले वैज्ञानिकरूपमा प्रमाणित नै गर्नुपर्ने न त आजसम्मका कुनै पनि महानतम धर्म, व्यक्तित्व, विज्ञान र दर्शनले यौन केवल मुखले त्यागेर त्याज्य विषय हुन सक्ने कुरा होइन भन्ने कुराको प्रमाण नै दिनुपर्ने । सर्वश्रेष्ठ यौन मनोविज्ञ र अनुसन्धानकर्ता सिग्मण्ड फ्रायडको सिद्धान्तलाई समेत जवाहरले आफ्नै तालवाट लोप्पा ख्वाइदिएको देखिन्छ ।

हजारौं वर्षसम्म तपश्या गरेर पनि अप्सराको सुन्दरताको जालमा क्षणभरमै आफ्नो प्रतिज्ञा गुमाएका ऋषिमुनिदेखि आधुनिक भट्टीपसलका शिशीमुनिहरूलाई उनले एकै पटक चुनौती दिएर आजीवन कुमार-कुमारी वसौं, सृष्टि रोकौं, यौन संसर्ग

"जवाहर स्मृति पुष्प ग्रन्थ" विमोचन समारोहमा उपस्थित अतिथिहरू ।

नगरौं र जन्मजन्मान्तरसम्म दुःख नभोगौं भनेर उडन्ते हावा फैलाएर सो सिद्धान्तलाई जवाहरले जाँदाखेरी आफूसंगै लिएर गए ।

तथापि हाँसो सतहवाट निस्कन्छ र आँशु जीवनको पिंधको गहिराइवाट निस्कन्छ र आँशुले नै जीवनको उत्पत्ति र वहावलाई वुझ्न सकिन्छ भन्ने केही अति मार्मिक अभिव्यक्तिहरू जवाहरले आफ्ना पुस्तिकाहरू मार्फत व्यक्त गरेका छन् ।

हो जीवनमा हाँसोको महत्व तत्काल समाप्त हुन्छ । आँशुको महत्वले नै मानिसलाई मोक्षको मार्गमा लैजान्छ भन्ने कुरामा जवाहरको तर्कसंग कसैको कुनै

विमति रहँन सक्दैन । वुद्ध, महावीर, जिसस क्राइष्ट, महात्मा गान्धी, जोन अफ आर्क, सुभापचन्द्र वोस, जय पृथ्वीवहादुर सिंह, महाकवि देवकोटा, वी.पी. कोइराला, गणेशमान सिंह, मनमोहन अधिकारी आदि सवै नै आँशुवाटै मानवले जन्म लिएको कर्तव्यको खातिर कर्तव्यप्रेरित भएका हुन् । सवै व्यक्तित्वहरूको महानताको रहस्य पनि त्यसैले आँशु नै हो - हाँसो कदापि होइनन् । तर यस मामिलामा जवाहरले पनि त्यही नै कुरा गरेका थिए - तथापि उनलाई चाहिं समाजले किन हास्यपात्र वनायो त भन्ने सन्दर्भमा दिनभर चुरोट र चियामा फ्वाँ-फ्वाँ उडेका देखिने जवाहरले कसरी फु मन्तरकी वाचा, पुच्छर नभएको माछा, आजीवन कुमार-कुमारी वसौं मात्र होइन यौन संसर्गलाई समेत त्यागौं र सृष्टि रोकौं तथा संसारको अन्त्य गरौं भन्ने गहनतम दर्शनको मुखैको तालमा २५ वर्षको अनुभव सिद्ध गरेको कुरा वताएर विना अभ्यास गरेर देखाउन सकेका हुन्, त्यो भने उनले कसैलाई वताएनन् । कुनै जनताले पनि जवाहरलाई शायद सोधेनन् । मानव जाति आफैं सिक्न चाहन्थ्यो तर उनले सिकाउन चाहेको कारण उनको दर्शन गहनतम भएर पनि यसरी हावामा उड्न पुग्यो । उनका कर्मवीर दाजु पन्नालाल श्रेष्ठले आफ्नो भाइप्रति देखाउनुभएको सद्भाव र यस्ता असल दाजुको भाइ हुने सौभाग्य जवाहरले नपाएका भए अहिले न जवाहर रहन्थे न त जवाहरको दर्शन नै रहन्थ्यो ।

(सुशिल अनुराग पिपुल एक्सप्रेस साप्ताहिकका सम्पादक हुनुहुन्छ)

सच्चा धर्मको लक्ष्य नै निश्चित मोक्ष हो ।

जवाहर स्मृतिपुष्प : विशिष्ट उपलब्धि

श्रीमती गीता अधिकारी

जवाहर मुक्तिमार्ग सेवा केन्द्रले जवाहरलाल श्रेष्ठको प्रथम वार्षिक पुण्य तिथिको अवसर पारी गत २०५८ सालको भदौमा 'जवाहर स्मृतिपुष्प' नामको स्मृतिग्रन्थ प्रकाशन गरेको थियो । साहित्यकार हरि मञ्जुश्रीको सम्पादनमा प्रकाशित सो ग्रन्थलाई ३० भदौ २०५८ मा आयोजित विशेष समारोहमा प्रमुख अतिथि स्वामी भूमानन्द गिरीले सार्वजनिक गर्नुभएको थियो । जम्मा २४८ पृष्ठको सो ग्रन्थको मूल्य रू. २००/- राखिएको छ ।

'जवाहर स्मृति पुष्प' लाई आठ खण्डमा विभाजन गरिएको छ । पहिलो खण्डमा जवाहरलाल श्रेष्ठको जीवनी राखिएको छ उहाँको जीवनीलाई उहाँका दाजु पन्नालाल श्रेष्ठको अन्तरङ्ग अन्तर्वार्ताका रूपमा जीवन अधिकारीले प्रस्तुत गर्नुभएको छ । दोस्रो खण्डमा उत्तमप्रसाद घिमिरेले जवाहरलाल श्रेष्ठसँग लिएको पूर्व प्रकाशित अन्तरवार्ता राखिएको छ । तेस्रो खण्डमा जवाहरलाल श्रेष्ठद्वारा लिखित पूर्वप्रकाशित लामो लेख 'मानवजातिका लागि छलफलको विषय' लाई प्रस्तुत गरिएको छ भने चौथो खण्डमा हरि मञ्जुश्री, मातृका उप्रेती, भुवन शर्मा र सुवास मिश्रले लेखी प्रकाशित गराएका र नेपाल मिरर, हिमशिखर, गतिविधि पत्रिकामा प्रकाशित जवाहरलाल श्रेष्ठसँग सम्वन्धित सामग्रीहरूलाई 'जवाहरलाल श्रेष्ठ सम्वन्धी पत्रपत्रिकाका लेखहरू' अन्तर्गत राखिएको छ । पाँचौ खण्डमा जवाहरलाल श्रेष्ठका विषयमा लेखिएका प्रा. डा. हरिप्रसाद गौतम, स्वामी भूमानन्द गिरी, महेश्वरलाल श्रेष्ठ, हरि मञ्जुश्री, दीपकराज भट्टराई, शिवदत्त ढकाल, गोकुलप्रसाद शर्मा, गोकर्ण अर्याल, जुनारबाबु बस्नेत, श्रीराम पौडेल 'उदासी' कृष्णराज श्रेष्ठ र प्रवीन जोशीका अप्रकाशित लेख- संस्मरणहरू राखिएका छन् । छैठौं खण्डमा 'जवाहरलाल श्रेष्ठका फुटकर सामग्रीहरू' अन्तर्गत जवाहरको हस्ताक्षर, जवाहरलाई कार्यालय र अन्यत्रबाट पठाइएका चिठीहरू, जवाहरले पाउनु भएका प्रमाणपत्रहरू, जवाहर अस्वस्थ हुँदाका कागजातहरू, जवाहरले पत्रपत्रिकामा दिनुभएका विज्ञापनहरू र भुक्तानी दिएका विलका नमुनाहरू राखिएका छन् । यसै गरी जवाहरको निधनपछिका समाचारहरू र कागजातहरू, समवेदनाहरू,

संस्थादर्ताका लागि दिइएको निवेदन, संस्था दर्ताको प्रमाणपत्र, संस्थाको विधान, संस्थाको स्थापनासम्वन्धी समाचारहरू, 'जवाहर स्मृतिपुष्प' सम्वन्धी पत्रहरू र पन्नालाल श्रेष्ठको मन्तव्य सातौं खण्डमा दिइएको छ । आठौं खण्डमा जवाहरलाल श्रेष्ठका तस्वीरहरू छापिएका छन् । वीचवीचमा 'जवाहर दर्शन' शीर्षकमा उक्तिका रूपमा जवाहरका विचारहरू प्रस्तुत भएका छन् । प्रत्येक खण्डको प्रारम्भमा सम्वन्धित खण्डका सामग्रीहरूका विषयमा सम्पादकीय टिप्पणीहरू दिइएका छन्, मूल सम्पादकीय अलग्गै छ र त्यो निकै मननयोग्य छ ।

'जवाहर स्मृतिपुष्प' नामक स्मृतिग्रन्थलाई जवाहर मुक्तिमार्ग सेवा केन्द्रको ठूलो र महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ । जवाहरलाल श्रेष्ठको दर्शनलाई विभिन्न कोणवाट हेर्न, व्याख्या - विश्लेषण गर्न र उहाँका विषयमा वुझ्न यो ग्रन्थले अत्यन्त ठूलो सहयोग गर्ने निश्चित छ । यस्तो महत्वपूर्ण ग्रन्थको प्रकाशन गर्ने जवाहर मुक्तिमार्ग सेवा केन्द्र र सम्पादन गर्ने हरि मञ्जुश्री दुवै धन्यवादका विशेष हकदार वनेका छन् ।

'जवाहर स्मृतिपुष्प' लाई नेपाल अधिराज्यभर र जवाहरका विचारहरूलाई अङ्ग्रेजी भाषामा अनुवाद गरी विश्वभर प्रचार-प्रसार गर्नु आवश्यक छ । यो काम जवाहर मुक्तिमार्ग सेवा केन्द्रले गरोस् भन्ने मेरो आग्रह छ ।

(श्रीमती गीता अधिकारी कवि एवं साहित्यकार हुनुहुन्छ)

प्रमुख अतिथिद्वारा कृष्णलाल श्रेष्ठलाई मासिक आर्थिक सहयोग रकम प्रदान गर्दै ।

जवाहरको दर्शनमा संकटकाल

पी. पी. गडतौला

पृथ्वी एउटा जीवीत ग्रह हो । यसै ग्रहमा ६ अरब मानिस अन्य जीवजन्तुहरू वसोवास गरेका छन् । दिनमा कैयौ मर्दैछन् र सैयौं जन्मदै पनि छन् । एउटा जिउँदा ग्रहलाई सैयौं राष्ट्रमा विभाजन गरेर मानिसले मानिसलाई शासन गर्दैछ र जीवजन्तुले पनि एक अर्कालाई शक्तिशालीले कमजोरलाई शासन गर्दै छन् । राज्यभित्र यो क्रम चलिरहन्छ । वलियाले दुव्लोलाई र सपाङ्गले अपाङ्गलाई ।

शासन गर्ने नियम प्रकृतिले वनाएको भन्नता मिल्दैन । मानिस नै त्यस्तो प्राणी हो दुई खुट्टे पशुसमान जस्तो परोपकारको शब्द विर्सिएको हुन्छ ।
महर्षि वेदव्यासले वेद, उपवेदहरू १८ पुराण र उपपुराणहरू, उपनिषद, धर्मशास्त्रहरू सवै लेखि सकेर एउटा सारतत्व निकाले जुन सारतत्वको वाक्य थियो" परोपकाराय पुण्याय पापाय परपीडनम" । यो वाक्य अहिले यो जीउँदो ग्रहको उपभोग गर्ने उपभोक्ताहरूले विर्सिएका छन् । अव यहाँ वेदव्यास 'फटाहा' हुन पुगेका छन् किन यत्रा विघ्न ग्रन्थहरू लेखेर मानिसलाई वौलाहा तुल्याई दिए, भन्ने वाक्य मानिसको मुखवाट निस्कन थालेको छ । तर वुझ्ने प्रयास भएन । वेदव्यास वौलाह थिएनन् पागल थिएनन्, फटाहा थिएनन् । किनभने व्यास दर्शनलाई वुझ्न नसक्नेहरूलाई संकटकाल लागु भएको छ । त्यस्तै राज्यमा पनि शासन गर्नेहरूले र शासित हुनेहरूले राज्यको दर्शन वुझ्दैन अनि संकट उत्पन्न हुन्छ र समाधानको निहुँमा संकटकाल लागु हन्छ ।

त्यस्तै यस जिउँदो ग्रहमा कसैसंग राय नमिल्ने र कसैले पनि वुझ्न सजिलै नसक्ने जिउँदो ग्रहलाई वचाई राख्न अनौठौ दर्शन दिन एक अदभूत, अविस्मरणीय र अनौठो नयाँ दर्शन फिजाउन जीवनको दर्शनमा संकटकाल देख्ने एक दार्शनिक जवाहरको जन्म भएको रहेछ र दर्शन पनि संचारित भै सकेको रहेछ । त्यो दर्शनभित्र अध्ययन रूपी डोरीले गहिरिदै डवुल्की मार्दा जीवनभरको संकाटकाल देखिन्छ र जीवन रूपी दर्शनको संविधानको धाराले सँघैभरी संकटकाल लागेको देखिन्छ । त्यो संकटकालको धाराले जीवनमा हद भने तोक्दैन र जीवनमा संकटकाल

लागु नगर्ने उपायमात्र दर्शनले दिन्छ त्यो दर्शन हो "जीवनमा विवाह नै नगर्नु" कस्तो गजवको संकटकाल ! विवाहलाई नै संकटकाल देख्ने जवाहरको दर्शनले विश्वमा वैवाहिक कानूनमा प्रतिवन्ध लगाउनु पर्ने माग राख्नु हुन्छ । जवाहरले 'विवाह' लाई 'कालकूट हलाहल' विषको रूपमा लिएकाछन् उनको दर्शनमा विवाह के हो ? भन्ने प्रश्नमा उत्तर सजिलै भेटिन्छ-'विवाह नै विवेकको विकृति हो ।' जति मानवमा विकृतिहरू पैदा हुन्छन् ती सवै विवाह गरे पछि मानिसमा जन्मिने क्रम शुरू हुन्छ । उनी भन्दछन् , तर हाम्रो हिन्दू संस्कृतिले त्यसलाई मान्दैन । 'सन्तान भएन भने स्वर्गको ढोका खुल्दैन' भन्ने आख्यान छ ।

तर यता यसको ठीक विपरित जवाहर दर्शन भन्दछ -'सन्तान भनेको संकटभोगको



सल्लाहकार दीपकराज भट्टराईवाट मन्तव्य व्यक्त गर्दै ।

लागि हो ।' सन्तान जन्मेपछि झन जीवन संकटपूर्ण हुन्छ र पापकर्म बाहेक केहि पनि गरिदैंन भन्ने छ भने अर्को तर्फ 'सन्तान जन्माउँदा जन्माउँदै सन्तानको मासु खानु पर्ने अवस्था आउँछ ।' भन्दछन् भने त्यस्तै सन्तानकै क्रममा सन्तानबाट पनि जीवनलाई अझ संकट वनाउँदछ भन्ने अर्को दर्शन वाक्य छ 'सन्तानले संसारमा संकट पैदा गर्दछ ।' यसवाट के देखिन्छ भने जति सन्तानवाट विमुख होइन्छ उति मोक्ष प्राप्ती हुन्छ भन्ने उनको धारणा छ ।

हाम्रो हिन्दू संस्कृतिको दर्शनमा ऋषिमुनीहरू जति छन् कसैले पनि परिवार नियोजन गर्नु पर्दछ भनेको छैन । यो विकृति पाश्चात्य देश को हो । तर जवाहरको

दर्शनमा भने "सन्तान ईश्वरको वरदान होइन मूर्खताको दान हो" भनेका छन् । यसवाट के देखिन्छ भने यो नीति अपनाएको खण्डमा परिवार नियोजनको नीति पनि लागु हुँदैन, सम्वन्ध विच्छेडको मुद्दा पनि पर्ने छैन । जनसंख्या शिक्षामा जनसंख्या घटाउनु पर्ने परिस्थिति पनि आउँदैन ।

अर्कोतर्फ जवाहरको दर्शनमा "यो संसारमा समस्या वाहेक हरू केहि छैन ।" समस्यै समस्याले जगेडिएको छ र मानव समस्यावाट मुक्त हुन सक्दैन भन्दछन् भने यस संसारलाई उनी 'खतरा' को संसार भन्दछन् र जीन्दगी कुनै पनि वेला वरवाद हुन सक्दछ भन्ने मत छ र विवाहले विश्वलाई विशाल खाल्डोमा डुवाइ दिन्छ भन्दछन् ।

जवाहरको विचारमा विवाह नै जीवनको 'संकटकाल' हो भन्दछन् । विवाह गरेमा जीवनमा धोका खानु सिवाय अरू केही हुदैन भन्दछन् । वैवाहिक जीवन दर्शन उनीहरूको संकट जीवन हो भन्ने मान्यता राख्दै विवाहमा झगडा छ । विवाहमा विछोड छ, विवाहमा हाँसो होइन आँशु छ , विवाहमा रोग छ, विवाहमा विकृति छ, विवाहमा उन्नती होइन अवन्नति छ" भनेर सवै वैवाहिक जीवन विताउनेको लागि संकटकाल लागु भएको देख्नु हुन्छ ।

जवाहरको जीवन दर्शनमा वैवाहिक जीवन विताउनेहरूको लागि वरिपरि 'शत्रु' देख्नु हुन्छ । उनको दर्शनमा अनिकाल, पुनर्जन्म, दु:ख, विरक्ति, वहुलापन, विलौना, विछोड, रोगै रोगको पोको, अनि सदा आँशु देख्ने जवाहरको वैवाहिक जीवन संकटग्रस्त छ भन्नु हुन्छु ।

जवाहरको दर्शन : बैवाहिक जीवन संकटग्रस्त जीवन

१. विवाह नै विवेकको विकृति हो ।
२. यो संसारमा समस्या वाहेक अरू छैन ।
३. यो संसार वहुत खतरनाक छ, यहाँ कुनै पनि वेला जिन्दगी वरवाद् हुन् सक्दछ ।
४. सन्तान भनेको संकट भोग्नको लागि हो ।
५. विवाहमा झगडा छ । विवाहमा विछोड छ । विवाहमा हाँसो होइन आँशु छ । विवाहमा रोग छ । विवाहमा विकृति छ । विवाहमा उन्नती होइन अवन्नति छ । विवाहमा विशाल जनसंख्या छ । विवाहमा अनिकाल छ । विवाहमा पुनर्जन्म छ । विवाहमा दु:ख छ । विवाहमा विरक्ति छ । विवाहमा वहुलापन छ । विवाहमा विलौना छ । विवाहमा मायाजाल छ ।

६. प्रेमको रङ्गले संसारको संकटलाई संकेत गरिरहेको छ ।
७. विवाहले विश्वको भविष्य अन्धकारपार्छ ।
८. सन्तान जन्माउँदै सन्तानको मासु खानुपर्ने अवस्था आउँछ ।
९. विवाह नगरेसम्म सपना देख्दछ । विवाह देख्दछ । विवाह गरेपछि विपना देख्दछ ।
१०. जसको विवाह भैसकेको छ उसको वुद्धि विग्रीसकेको छ ।
११. विवाहमा झगडा छ । विवाह नै विश्वको भूल हो ।
१३. सन्तानले संसारमा संकट पैदा गर्दछ ।
१४. विवाहमा पश्चाताप छ ।
१५. विवाहले विश्वलाई विशाल खाल्डोमा डुवाईदिन्छ ।
१६. सन्तान इश्वरको वरदान होइन, मूर्खताको दान हो ।

"जवाहर स्मृति पुष्प" ग्रन्थका सम्पादक हरि मन्जुश्रीवाट समारोहमा ग्रन्थ प्रकाशनका सम्वन्धमा मन्तव्य व्यक्त गर्दै ।

यस आधारवाट यो स्पष्ट हुन्छ की जवाहरको दर्शन विश्वको लागि अनौठो र नयाँ दर्शन छ । जीवन सँधै संकटग्रस्तवाट मुक्त गराउन र मोक्ष हुन विवाह नै नगर्नु र सँधै कुमार-कुमारी भएर ब्रह्मचर्यमा रहनु नै मोक्षको वाटो हो भन्ने चलन चलाउनु आवश्यक छ भन्नुहुन्छ ।

राज्यलाई संकटकाल लागेको बेला जनता, राष्ट्र, व्यवस्था, नेता, कार्यकर्ता, नीति, ऐन कानून, संविधान छायाँमा पर्दछ त्यस्तै जवाहरको वैवाहिक जीवन दर्शन पनि संकटकाल लागु भएको दु:खै दु:खको भारी वोक्ने मोक्ष प्राप्ती गर्न नसक्ने ओझेलमा परेको जीवन हुन्छ भन्दछन् । जवाहरको दर्शन ग्रहण, मनन्योग्य, राष्ट्रको लागि लाभदायक देखिन्छ ।

अस्तु ।

मानव मुक्तिका लागि
जवाहरको नयाँ धर्म

रमेशकुमार रौनियार

संसारमा युगौं युग देखि चल्दै र गरिदैं आएको रिती रिवाज धर्म, संस्कृतिको विरूद्धमा नयाँ धर्मका प्रवर्तक जवाहरलाल श्रेष्ठले विवाह नै नगरीकन मोक्ष प्राप्तिको लागि व्यापक रूपमा प्रचार प्रसार गर्दै मानव जातिको मुटुमा एकपल्ट सोच्न लगाई वाध्य पारी दिनु भएको छ । नयाँ धर्मका प्रवर्तक जवाहरलाल श्रेष्ठ कै अनुसार:- विवाह गरी सकेकोले सन्तान नजन्माउनु नै धर्म हो । विवाह नगरेकोले विवाह नगर्नु नै ठूलो धर्म हो । आजीवन कुमार-कुमारी हुनु नै सच्चा धर्म हो । निश्चित मोक्षको लागि कुमार कुमारीत्वको विकल्प नै छैन । कुमार कुमारीत्वमा नै मानवजातिको मोक्ष लुकेको छ । कुमार कुमारीत्व जोगाउन सके मानवजातिको मोक्ष निश्चित नै छ । कुमार कुमारीत्व नै चरित्रको मूख्य विन्दु हो । कुमार कुमारीत्व विग्रियो भने आत्माको जीवनसमेत विग्रिन्छ । विवाह भन्दा ठूलो भूल छैन् । विवाह नै विकृति हो । कुमार्ग नै पाप हो । सुमार्ग नै धर्म हो । विवाह गरेर पुस्तौं पुस्ता दु:खको पालो दिनुभन्दा ठूलो पाप अरू छैन् । आजीवन कुमार कुमारी भएर धरती त्याग्नु भन्दा ठूलो धर्म अरू छैन् । विवाह नै अनन्त कालको कहानी हो । विवाह नै अनन्त कालको बन्धन हो । विवाह नै अनन्त कालको भूमरी हो । विवाह नै अनन्त कालको आँशु हो । आजीवन कुमार कुमारी बनौं । दु:खदायी संसारको अन्त गरौं ।

संसारको मूख्य-मूख्य विषयहरूमध्ये धर्म, दर्शन र राजनीति नै हुन् । २५ वर्षसम्मको व्यापक अनुसन्धानपछि "हामी यो संसारमा पुस्तौं पुस्ता कहिलेसम्म बस्ने" "केको लागि हामी यो संसारमा बस्ने" "यो संसारमा हाम्रो लक्ष्य के हो" भन्ने एकमात्र निचोड नयाँ धर्म प्रवर्तक जवाहरलाल श्रेष्ठको विचारमा आएको थियो । त्यो हो विवाह बन्द गर्नु । किनभने विवाह नै संसारको सबै समस्याको मूल श्रोत हो । विवाह वन्द गर्न सके संसारको सबै समस्या स्वत: समाधान हुन्छ । विवाह वन्द गर्नु नै संसारको लागि एकमात्र उपाय हो । मानवजातिको लागि यो भन्दा राम्रो उपाय कसैले कहिले पनि पत्ता लगाउ़न सक्ने छैनन् ।

सांसारिक विरक्तीबाट नै जवाहरलाल श्रेष्ठले आजीवन अविवाहित भएर नयाँ

धर्मको निरन्तर प्रचार-प्रसार गर्दै रहनु भयो । आजीवन कुमार-कुमारी रहनु भनेको हिन्दु शास्त्र वमोजिमको व्रम्हचर्यव्रतको पूर्णत: पालना गर्नु हो भन्ने कुरा वुझ्दै पनि हिन्दु पण्डितहरूले नयाँ धर्मका प्रवर्तक जवाहरलाल श्रेष्ठको महाअभियानलाई समर्थन गर्नु पर्ने समय आई सकेको छ । यो संसारको श्रृष्टिथामि राख्नुको औचित्य सिद्ध गर्ने व्यक्तिलाई १ लाख २५ हजार रुपियाँ नगद पुरस्कार सम्मानपूर्वक दिने भनेर निरन्तर कयौं वर्षसम्म प्रचार-प्रसार गर्दै घोषणा गर्दा पनि सो पुरस्कारलाई पर पन्छाएर जवाहरलाल श्रेष्ठलाई पराजित गर्नका लागि पनि श्रृष्टि थाम्नुको औचित्य सिद्ध गर्न सक्ने व्यक्ति नेपालमा एक जना पनि न भेटिएकोले उहाँको अभियानलाई सवै क्षेत्रवाट समर्थन गरेर हिन्दुहरूका मात्र होइन संसार भरीका एक मात्र मानव मुक्तिका महा पण्डित घोषणा गर्नु पर्ने समय आइसकेको छ ।

(रमेश कुमार रौनियार नेपालको कान्छो इतिहासकार, लेखक, पत्रकार एवं समाजसेवी हुनुहुन्छ ।)

स्वर्गीय हिरालाल श्रेष्ठ तथा जयन्तीकुमारी श्रेष्ठ र जवाहरलाल श्रेष्ठको फोटो समारोहमा सजाई भावपूर्ण पुष्पाञ्जली पानसमा दीप प्रज्वलित गर्दै ।

आजीवन कुमार कुमारी हुन सके व्यक्ति व्यक्तिदेखि मानवजातिसम्मको मोक्ष निश्चित नै छ ।

२०५८ साल भाद्र ३० गते जवाहरलालको प्रथम पुण्यतिथिमा आयोजित

समारोह - कार्यक्रमको रूपरेखा

१. उद्घोषण श्री हरिप्रसाद ढुङ्गेल

नमस्कार ! दार्शनिक जवाहरलाल श्रेष्ठको प्रथम वार्षिक स्मृतिदिवस तथा जवाहर मुक्तिमार्ग सेवा केन्द्रको प्रथम साधारण सभाको अवसर पारी 'जवाहर स्मृतिपुष्प' नामक ग्रन्थलाई सार्वजनिक गरिने तथा जवाहर ग्रन्थसम्पादन पुरस्कार एवं सम्मानपत्र अर्पण गरिने यो समारोहमा यस संस्थाको आमन्त्रण स्वीकार गरी उपस्थित हुनुभएका सम्पूर्ण महानुभावहरूमा म हरिप्रसाद ढुङ्गेल सर्वप्रथम हार्दिक स्वागत गर्दछु । कार्यक्रमको सञ्चालन गर्ने जिम्मा यो संस्थाले मलाई नै प्रदान गरेको हुनाले म अव कार्यक्रमलाई औपचारिक स्वरूप दिने अनुमति चाहन्छु ।

२. सर्वप्रथम, भूमा शान्ति आश्रम गुञ्जनगर चितवनको संस्थापक संरक्षक श्री १०८ स्वामी भूमानन्द गिरीज्यूलाई प्रमुख आतिथ्य ग्रहण गरिदिनुहुन अनुरोध गर्दछु ।

३. जवाहर मुक्तिमार्ग सेवा केन्द्रका प्रमुख संरक्षक, संस्थापक तथा अध्यक्ष, अग्रज पत्रकार श्री पन्नालाल श्रेष्ठज्यूलाई सभापतिका रूपमा आसन ग्रहण गरिदिनुहुन अनुरोध गर्दछु ।

४ मञ्चमा आसन ग्रहण गरिदिनुहुन अव म सम्मानित व्यक्तिहरूलाई अनुरोध गर्दछु । सर्वप्रथम पूर्व मन्त्री श्री जगन्नाथ आचार्यज्यू

क) ग्रन्थसम्पादक श्री हरि मञ्जुश्रीज्यू

ख) सम्मानित अतिथि प्रा. डा. श्री हरिप्रसाद गौतमज्यू

ग) साहित्यकार श्री दीपकराज भट्टराईज्यू

घ) समाजसेवी श्री कृष्णराज श्रेष्ठज्यू

ङ) पत्रकार श्री प्रवीण जोशीज्यू

च) शिक्षासेवी श्री शिवदत्त ढकालज्यू

छ) साहित्यकार श्री गोकुलप्रसाद शर्माज्यू

ज) पत्रकार श्री श्रीराम पौडेल 'उदासी" ज्यू

५) उपस्थित सम्पूर्ण महानुभावहरूलाई यथास्थानमा आसन ग्रहण गरिदिन पनि अनुरोध गर्दछु ।

६)	सम्मानित अतिथिहरूलाई व्याच वितरण गरिदिन आयोजक संस्थाकी सदस्या श्रीमती अनिता श्रेष्ठज्यूलाई अनुरोध गर्दछु ।

७)	स्वागत भाषणका साथ कार्यक्रमको उद्देश्यमाथि प्रकाश पारिदिन आयोजक संस्थाका सचिव श्री रामलाल श्रेष्ठज्यूलाई अनुरोध गर्दछु ।

८)	पानसमा वत्ती वाली कार्यक्रमको समुद्घाटन गरिदिन प्रमुख अतिथिज्यूलाई अनुरोध गर्दछु ।

९)	दार्शनिक जवाहरलाल श्रेष्ठ तथा उहाँका पिता हीरालाल श्रेष्ठ र माता जयन्तीकुमारी श्रेष्ठको तस्वीरमा माल्यार्पण गरिदिन

क) प्रमुख अतिथिज्यूलाई

ख) सभापतिज्यूलाई र

ग) ग्रन्थसम्पादक तथा अन्य अतिथिज्यूहरूलाई अनुरोध गर्दछु ।

१०)	दार्शनिक जवाहरलाल श्रेष्ठ तथा उहाँका पिता हीरालाल श्रेष्ठ र माता जयन्तीकुमारी श्रेष्ठको आत्माको चिरशान्तिको कामना गर्दै एक मिनेट मौनधारण गरिदिनुहुन अनुरोध गर्दछु ।

११)	जवाहरलाल श्रेष्ठका विषयमा छोटो समयमा परिचयात्मक मन्तव्य व्यक्त गरिदिनुहुन प्रा. डा. श्री हरिप्रसाद गौतमज्यूलाई अनुरोध गर्दछु ।

१२)	'जवाहर स्मृतिपुष्प' नामक ग्रन्थको सार्वजनिकीकरण गरिदिनुहुन प्रमुख अतिथिज्यूलाई अनुरोध गर्दछु ।

सचिव रामलाल श्रेष्ठद्वारा स्वागत भाषण गर्दै ।

स्वागत भाषण

आदरणीय सभापतिज्यू ! आदरणीय प्रमुख अतिथिज्यू !

मञ्चमा आसीन सम्मानित अतिथिहरू ! आमन्त्रित सम्पूर्ण अतिथिहरू !

आयोजक संस्थाका सम्पूर्ण सहयोगी साथीहरू !

आजको यो समारोहमा कृपापूर्वक उपस्थित भइदिनुभएकोमा कृतज्ञता व्यक्त गर्दै सम्पूर्ण महानुभावहरूमा म हार्दिक स्वागत गर्दछु ।

दार्शनिक जवाहरलाल श्रेष्ठको निधन भएको अवधि एक वर्ष पुगिसकेको छ । आजको कार्यक्रम उहाँकै प्रथम वार्षिक स्मृतिदिवसका अवसरमा आयोजना गरिएको छ । जवाहरलाल श्रेष्ठको निधनपछि उहाँको योगदानलाई चिरस्थायी वनाउन 'जवाहर मुक्तिमार्ग सेवा केन्द्र' नामको सामाजिक संस्था गठन गरिएको हुनाले आजको समारोह यो संस्थाको प्रथम साधारण सभा पनि हो । आजको समारोहमा जवाहरलाल श्रेष्ठको प्रथम वार्षिक स्मृतिदिवसका अवरमा यसै संस्थाद्वारा प्रकाशित 'जवाहर स्मृतिपुष्प' नामक ग्रन्थलाई सार्वजनिक गरिदैछ र जवाहरलाल श्रेष्ठको नाउँमा राखिएको 'जवाहर ग्रन्थसम्पादन पुरस्कार' पनि ग्रन्थसम्पादक हरि मञ्जुश्रीलाई प्रदान गरिदैछ । त्यसवाहेक 'जवाहर स्मृतिपुष्प' नामक ग्रन्थका लागि लेख-रचनाहरूद्वारा सहयोग गर्ने साहित्य, पत्रकारिता, समाजसेवा, प्राध्यापन आदि क्षेत्रमा रहनुभएका विभिन्न महानुभावहरुलाई पनि सम्मान गरिदैछ ।

आजको कार्यक्रम आयोजक संस्थाको पहिलो औपचारिक वृहत्कार्यक्रम हो । यो कार्यक्रममा हाम्रो आमन्त्रण स्वीकार गरी उपस्थित हुनुभएका सम्पूर्ण महानुभावहरूमा पुन: स्वागत गर्दै अहिलेका लागि म विदा चाहन्छु ।

धन्यवाद !

सचिव

रामलाल श्रेष्ठ

जवाहर मुक्तिमार्ग सेवा केन्द्र

२०५८-५-३०

आजीवन कुमार कुमारी हुन सके व्यक्ति व्यक्तिदेखि मानवजातिसम्मको मोक्ष निश्चित नै छ ।

जवाहरलाल श्रेष्ठको प्रथम पुण्य तिथिमा लेखकहरुलाई नगद पुरस्कार र सम्मान पत्रको नक्कल

जि.प्र.का. काठ द.नं. ८४०/२०५७/५८ फोन : नयाँ वानेश्वर ४७३८६३
केलटोल - २२७२६८

जवाहर मुक्तिमार्ग सेवा केन्द्र

ॐ

२०५७

नयाँ बानेश्वर, काठमाडौं

नेपाली भाषा-साहित्यको क्षेत्रंमा समर्पित रही
"जवाहर स्मृतिपुष्प" नामक ग्रन्थको
सम्पादन र व्यवस्थापन लगायत
साहित्यिक, ऐतिहासिक र सामाजिक महत्वका
विविध ग्रन्थहरुको स्तरयुक्त सम्पादन गर्नुभएकोमा
ग्रन्थसम्पादक श्री हरि मञ्जुश्रीलाई नगद रकमसहित
२०५८ सालको जवाहर ग्रन्थसम्पादन पुरस्कार
ससम्मान समर्पण गरिएको छ ।

(पन्नालाल श्रेष्ठ)
प्रमुख संरक्षक
तथा
संस्थापक अध्यक्ष

(श्री १०८ स्वामी भूमानन्द गिरी)
प्रमुख अतिथि

दिनाङ्क : ३० भाद्र २०५८

जवाहरलाल श्रेष्ठको प्रथम पुण्य तिथिमा लेखकहरुलाई नगद पुरस्कार र सम्मान पत्रको नक्कल

जि.प्र.का. काठ द.नं. ८४०/२०५७/५८ फोन : नयाँ वानेश्वर ४७३८६३
केलटोल - २२७२६८

जवाहर मुक्तिमार्ग सेवा केन्द्र

ॐ

२०५७

नयाँ बानेश्वर, काठमाडौं

प्रमाणपत्र

दार्शनिक जवाहरलाल श्रेष्ठको प्रथम वार्षिक स्मृतिदिवस तथा "जवाहर मुक्तिमार्ग सेवा केन्द्र" को प्रथम साधारणसभाको अवसरमा प्रकाशित "जवाहर स्मृतिपुष्प" नामक ग्रन्थका लागि आफ्ना गहन लेख-रचना तथा सुझावहरु दिई सहयोग गरिदिनुभएकोमा

श्री .... लाई

ससम्मान यो प्रमाणपत्र प्रदान गरिएको छ ।

(पन्नालाल श्रेष्ठ)
प्रमुख संरक्षक
तथा
संस्थापक अध्यक्ष

(श्री १०८ स्वामी भूमानन्द गिरी)
प्रमुख अतिथि

दिनाङ्क : ३० भाद्र २०५८

स्थायी कार्य समिति पूनर्गठनको प्रस्ताव

२०५८ भाद्र ३०

विगत २०५७ साल फागुन २९ गते "जवाहर मुक्तिमार्ग सेवा केन्द्र" तदर्थ समिति गठन भई २०५७ साल चैत्र १५ गते श्री ५ को सरकार गृह मन्त्रालय, प्रमुख जिल्ला अधिकारी जिल्ला प्रशासन कार्यालय, ववरमहलवाट विधिवत दर्ता स्वीकृत प्रदान गरिएको यस "जवाहर मुक्तिमार्ग" सेवाकेन्द्रका संयोजक, संस्थापक, प्रमुख संरक्षक एवं अध्यक्ष श्री पन्नालाल श्रेष्ठले आज स्व. जवाहरलाल श्रेष्ठको प्रथम वार्षिक स्मृति दिवस तथा संस्थाको प्रथम साधारणसभाको उपलक्ष्यमा मौजुदा तदर्थ समितिका केही सदस्यहरूको हेरफेर र थपघट गरी यसैलाई विधानअनुसार आगामी ३ वर्षकालागि स्थायी कार्यसमिति गठन गर्ने आकांक्षा राख्नु भएकाले यहाँ उपस्थित आदरणीय महानुभाव सदस्यहरु तथा अतिथिज्यूहरूको सहमति र सहयोगको लागि सादर अनुरोध गर्नु भएको छ - आशा छ सहर्ष स्वीकृति प्रदान गरिदिनु हुनेछ ।

सधन्यवाद !

प्रस्तावक: १ रामलाल श्रेष्ठ
२ बाबामैयाँ श्रेष्ठ

समर्थक: १ अनिता श्रेष्ठ
२ रत्नमान श्रेष्ठ

सर्वसम्मतिबाट स्वीकृत

आजीवन कुमार कुमारी हुन सके व्यक्ति व्यक्तिदेखि मानवजातिसम्मको मोक्ष निश्चित नै छ ।

सभापतिको भाषण

यस सभाका प्रमुख अतिथि आदरणीय भूमानन्द गिरीज्यू, आमन्त्रित अतिथि महानुभावज्यूहरू तथा यस संस्थाका सदस्यहरू एवं यहाँ उपस्थित दाजुभाई, दिदी वहिनीहरूमा सादर अभिवादन ।

हाम्रा प्रात: स्मरणीय स्वर्गीय पिताज्यू हिरालाल श्रेष्ठ, परम् पूजनीय स्वर्गीय माताज्यू जयन्ती कुमारी श्रेष्ठ तथा हाम्रा स्वर्गीय भाई जवाहरलाल श्रेष्ठको दिवंगत आत्माहरूको चिरशान्तिको कामनाको कार्यक्रममा यहाँहरू सवै सहभागी भैदिनु भएकोमा यहाँहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

"जवाहर मुक्तिमार्ग सेवा केन्द्र" लाई निरन्तरता दिनमा यहाँहरू सवैको सहभागिताको हार्दिक अपेक्षा पनि गर्न चाहन्छु ।

जहाँसम्म हाम्रा स्वर्गीय कान्छो भाई जवाहरले संस्थापन गरेको मुक्तिमार्ग संस्थापन र संचालनको विषय छ उक्त संस्थालाई निरन्तरता दिन "जवाहर मुक्तिमार्ग सेवा केन्द्र" विधान समेत तर्जुमा गरी सरकारी निकायमा विधिवत दर्ता समेत गरि सकिएको छ र स्व. जवाहरले स्वार्जन गरेको सम्पूर्ण श्री सम्पत्ति "जवाहर मुक्तिमार्ग सेवा केन्द्र" कै नाममा नामसारी गरिसकिएको कुरा अवगत गराउँदै यो सभा यहीं विसर्जन गर्न अनुमति माग्छु ।

धन्यवाद !

संस्थापक, प्रमुख संरक्षक एवं अध्यक्ष

पन्नालाल श्रेष्ठ

जवाहर मुक्तिमार्ग सेवा केन्द्र

केन्द्रीय कार्यालय

नयाँ वानेश्वर, काठमाडौं

३०/०५/०५८

Kathmandu, Nepal
NO 1064

विवाह भन्दा ठूलो भूल अरू छैन ।

'जवाहर मुक्तिमार्ग सेवाकेन्द्र'का आजीवन तथा साधारण सदस्यहरुको सूचि

आजीवन सदस्यहरूको नामावली

१. पन्नालाल श्रेष्ठ, केलटोल
२. गंगालाल श्रेष्ठ, वागवजार
३. रामलाल श्रेष्ठ, केलटोल
४. सरोजलाल श्रेष्ठ, वागवजार
५. आनन्द कृष्ण श्रेष्ठ, पुरानो वानेश्वर
६. विद्यालाल श्रेष्ठ, ववरमहल
७. श्रीमती किरण मैयाँ श्रेष्ठ, पुरानो वानेश्वर
८. चन्द्रप्रभा श्रेष्ठ, पुरानो वानेश्वर
९. पद्म प्रसाद गडतौला

साधारण सदस्यहरूको नामावली

१. सुश्री वावा मैयाँ श्रेष्ठ
२. श्रीमती शैलाकुमारी श्रेष्ठ
३. श्रीमती सरिता श्रेष्ठ,
४. श्रीमती सुजाता श्रेष्ठ
५. सुश्री समिता श्रेष्ठ,
६. श्री कृष्णलाल श्रेष्ठ
७. श्रीमती अनिता श्रेष्ठ
८. श्री रत्नमान श्रेष्ठ
९. श्री किशोर श्रेष्ठ
१०. श्रीमती रजनी श्रेष्ठ
११. श्री किशोर श्रेष्ठ
१२. श्रीमती मञ्जु श्रेष्ठ
१३. निर्मला श्रेष्ठ
१४. यमुनादेवी श्रेष्ठ
१५. श्रीमती गीता कर्माचाय
१६. श्री सुशील अनुराग
१७. श्री गोविन्द मोहन प्रधान
१८. हरिभक्त कर्माचार्य
१९. श्री रविन्द्र मान वैद्य
२०. श्री राम पौडेल "उदासी"
२१. श्री गोकर्ण अर्याल
२२. श्री सिध्दिनाथ गौतम
२३. श्री शिवदत्त ढकाल
२४. श्री रमेश कुमार रौनियार
२५. श्री प्रवीन राज जोशी
२६. श्री भेपजङ्ग वादल
२७. श्री हरि गौतम
२८. श्री उमेश कुमार रौनियार
२९. श्रीमती शान्ति देवी रौनियार
३०. चन्दा रौनियार

३१. श्रीमती मिथिला श्रेष्ठ
३२. श्री इन्द्रगोपाल श्रेष्ठ
३३. श्री ईश्वरमान श्रेष्ठ
३४. श्री रत्नमान श्रेष्ठ (भोला)
३५. श्री ईश्वरमान श्रेष्ठ
३६. श्री लक्ष्मणमान श्रेष्ठ
३७. श्री छायाँ श्रेष्ठ
३८. श्री मुकुन्दमान प्रधान
३९. श्री राजुलाल श्रेष्ठ
४०. श्री उत्तमकुथु
४१. श्री कृष्णवहादुर श्रेष्ठ
४२. श्री चन्द्रभक्त श्रेष्ठ
४३. श्री किरणमान श्रेष्ठ
४४. श्री राजुलाल श्रेष्ठ
४५. श्री माधवलाल श्रेष्ठ
४६. श्री सुरेशवहादुर श्रेष्ठ
४७. श्री कृष्णराज श्रेष्ठ
४८. श्री सुरेन्द्र मल्ल
४९. श्री हरि मज्जुश्री अधिकारी
५०. श्री कैवल्यमान मल्ल
५१. श्री हरि श्रेष्ठ
५२. श्री उदय थपलिया
५३. श्री चन्द्रशेखर रघुवंश श्रेष्ठ
५४. श्रीमती जानकी देवी रौनियार
५५. श्री दिपक कुमार रौनियार
५६. श्री श्याम श्रेष्ठ
५७. श्री विष्णुमान अमात्य
५८. श्री चतुरानन्द शाक्य
५९ श्री राजेश तण्डुकार
६०. स्वामी १०८ भूमानन्द गिरी
६१. श्री वरुण कर्माचार्य
६२. श्री शशिकाजी शिलालिका
६३. श्री किरण कर्माचार्य
६४. श्री सृजन प्रधान
६५. श्री उमेशमान जोशी
६६. श्री ज्ञानेशमान जोशी
६७. श्री अनिल महर्जन
६८. श्री महेश्वरमान श्रेष्ठ

सम्पर्क कार्यालय कक्षमा प्रमुख अतिथिका साथ प्रमुख संरक्षक एवं अध्यक्ष पन्नालाल श्रेष्ठ ।

२०५७/१२/१८ देखि २०५८/५/३० गते सम्मको

तदर्थ समितिका पदाधिकारीहरू

संस्थापक, प्रमुख संरक्षक एवम् अध्यक्ष :	- श्री पन्नालाल श्रेष्ठ
उपाध्यक्ष :	- श्री गङ्गालाल श्रेष्ठ
सचिव :	- श्री रामलाल श्रेष्ठ
कोपाध्यक्ष :	- श्री सरोजलाल श्रेष्ठ
सदस्यहरू :	- सुश्री वावामैँया श्रेष्ठ
" "	- श्री कृष्णलाल श्रेष्ठ
" "	- श्री प्रदीपलाल श्रेष्ठ
" "	- श्रीमती अनिता श्रेष्ठ
" "	- श्री रत्नमान श्रेष्ठ

२०५८/५/३० गतेको साधारण सभाद्वारा

सर्वसम्मतिबाट विघटित

नव-गठित कार्यकारी समितिका पदाधिकारीहरू तथा सल्लाहकारहरू निम्न अनुसार रहेको छ ।

संस्थापक, प्रमुख संरक्षक एवम् अध्यक्ष :	-श्री पन्नालाल श्रेष्ठ
उपाध्यक्ष :	- श्री गङ्गालाल श्रेष्ठ
सचिव :	- श्री रामलाल श्रेष्ठ
सह-सचिव :	- श्री सरोजलाल श्रेष्ठ
कोषाध्यक्ष :	श्री किशोर श्रेष्ठ
सदस्यहरू :	- श्री आनन्दकृष्ण श्रेष्ठ
" "	- श्री रत्नमान श्रेष्ठ
" "	- श्री किशोर श्रेष्ठ
" "	- श्रीमती अनिता श्रेष्ठ
" "	- सुश्री वावामैँया श्रेष्ठ
" "	- श्रीमती मञ्जु श्रेष्ठ
" "	- श्रीमती रजनी श्रेष्ठ
" "	- श्रीमती किरण श्रेष्ठ

आदरणीय सल्लाहकार महानुभावहरू

साँस्कृतिक :	- प्रा. डा. हरिप्रसाद गौतमज्यू
साहित्यिक :	- श्री दीपकराज भट्टराईज्यू (अधिवक्ता सर्वोच्च)
कानून :	- श्री राजन ढुंगानाज्यू (अधिवक्ता सर्वोच्च)
शैक्षिक :	- श्री शिवदत्त ढकालज्यू (शिक्षाविद्)
सामाजिक :	- श्री कृष्णराज श्रेष्ठ (समाजसेवी)
संचार :	- श्री गोकर्ण अर्यालज्यू (वरिष्ठ पत्रकार)

“जवाहर मुक्तिमार्ग सेवा केन्द्रको”

वार्षिक सभा-समारोह

भाद्र ३० गते । स्व. जवाहरको वार्षिक पुण्यतिथि र जवाहर मुक्तिमार्ग सेवा केन्द्रको प्रथम वार्षिक साधारण सभा १०८ स्वामी श्री भूमानन्द गिरीको मुख्य आतिथ्यमा जवाहर स्मृति ग्रन्थको लोकार्पण एवं लेखक समुदायमा स-सम्मान प्रमाण-पत्र नगद पुरस्कार सहित वितरण गर्ने कार्य हर्षोलास पूर्वक सम्पन्न भयो । उक्त सभामा स्व. जवाहरलाल श्रेष्ठको संस्थापित मुक्तिमार्ग सेवा केन्द्र र निजको स्वचालित धर्म दर्शन सम्वन्धमा जवाहरजीको चिन्तन तथा जीवन आदर्शमाथि प्रकाश पार्दै मुख्य अतिथि सहित प्रा. डा. श्री हरिप्रसाद गौतम, श्री दीपकराज भट्टराई, भू.पू. मन्त्री श्री जगन्नाथ आर्चाय, श्री हरि मञ्जुश्री, श्री शिवदत्त ढकाल आदि वक्ताहरूले आ-आफ्नो गर्हित मन्तव्य प्रकट गर्नुभयो ।

नगद पुरस्कार सहित प्रमाण-पत्र प्राप्त गर्ने व्यक्तिहरूमा प्रा. डा. हरिप्रसाद गौतम, स्वामी भूमानन्द गिरी, महेश्वरलाल श्रेष्ठ, हरि मञ्जुश्री, दीपकराज भट्टराई, शिवदत्त ढकाल, प्रवीण जोशी, कृष्णराज श्रेष्ठ, श्रीराम पौडेल, गोकर्णराज अर्याल, जुनारवावू वस्नेत र गोकुलप्रसाद शर्मा हुनुहुन्छ ।

अन्तमा सो साधारण सभाले वर्तमान तदर्थ समिति भंग गर्दै स्वविवेकले योग्य व्यक्तिहरू चयनगरी थपघटका साथ नयाँ स्थायी समिति गठन गर्ने जवाहर मुक्तिमार्ग सेवा केन्द्रका प्रमुख संरक्षक, संयोजक, संस्थापक एवं अध्यक्ष श्री पन्नालाल श्रेष्ठलाई सम्पूर्ण अधिकार प्रदान गरी सभा विसर्जित भयो ।

“जवाहर स्मृतिपुष्प” विमोचन समारोहमा उपस्थित महानुभावहरू ।

द.नं. ८४०/०५७०५८ मिति : २०५७/१२/१५

जवाहर मुक्तिमार्ग सेवा केन्द्र

नयाँ वानेश्वर, मिनभवन, काठमाडौं

स्थापना मिति २०५७/१२/१५ देखि २०५८/३/३१ सम्मको आयव्यय विवरण

आय विवरण	रकम	खर्च विवरण	रकम
रसिद नं. १ देखि ०३९ सम्मको सदस्यता वितरण शुल्क प्राप्त	५१७५/-	छपाई खर्च	११५५/-
		फोटोकपि तथा कम्प्यूटर खर्च	७०१/-
		यातायात परिवहन खर्च	१४६/-
		संस्था दर्ताको लागि खर्च	१४०/-
		चियापान खर्च	६०/-
		टेलिफोन खर्च	१५/-
		मसलन्द खर्च	६२२/-
		नगद मौज्दात बाँकी	२३३६/-
जम्मा	५१७५/-	जम्मा	५१७५/-

पन्नालाल श्रेष्ठ
अध्यक्ष

सरोजलाल श्रेष्ठ
कोषाध्यक्ष

विद्याचरण झा
लेखापरीक्षक

द.नं. ८४०/०५७०५८ मिति : २०५७/१२/१५

जवाहर मुक्तिमार्ग सेवा केन्द्र
नयाँ वानेश्वर, मिनभवन, काठमाडौं

लेखापरीक्षण प्रतिवेदन

स्थापना मिति २०५८/४/१ देखि २०५९/३/३२ सम्मको आयव्यय विवरण

आय विवरण	रकम	खर्च विवरण	रकम
गत वर्षको नगद बाँकी	२३३६/-	परिवहन तथा जलपान खर्च	३६६८.५०
आ.व.०५८/५९ मा स्व. जवाहर लालको स्वआर्जन व्यक्तिगत "मुक्तिमार्ग"बैंक खातावाट ब्याज प्राप्त	११०८३६/-	आर्थिक सहयोग खर्च	५०००.००
		पुरस्कार सम्मान खर्च	२२७०५.००
		स्मारिका पुस्तक छपाई खर्च	६२३८५.००
		मसलन्द, फोटोकपि, कम्प्यूटर	४४९७.००
ले.प. शुल्क ०५८/५९ को भुक्तानी दिन बाँकी	३००/-	लेखापढी पारिश्रमिक खर्च	१०१००.००
वढी खर्चको सोधभर्ना दिन बाँकी	६८३/५०	हुलाक दूरसञ्चार खर्च	२७७.००
		सभा समारोहमा जलपान	५२२३.००
		०५८/५९ को ले. प. शुल्क	३००.००
जम्मा	११४१५५.५०	जम्मा	११४१५५.५०

पन्नालाल श्रेष्ठ	किशोर श्रेष्ठ	विद्याचरण झा
अध्यक्ष	कोषाध्यक्ष	लेखापरीक्षक

विद्वतवृत्ति, पुरस्कार तथा छात्रवृत्ति दिइने

काठमाडौ । गत २५/३० वर्षदेखि समाजसेवामा समर्पित स्व. जवाहरलाल श्रेष्ठको स्मृतिमा विविध रचनात्मक कार्य गर्न हालै यहाँ एक संस्थाको स्थापना गरिएको छ ।

गएको चैत्र १५ गते जि.प्र.का. काठमाडौंमा विधिवत दर्ता गरी ८४०/०५७/५८ नं. रहेको सो संस्थाको नाम जवाहर मुक्तिमार्ग सेवाकेन्द्र रहेको छ। उक्त केन्द्र संचालनार्थ ९ सदस्यीय एक कार्य समिति गठन गरिएको छ। सो कार्य समितिमा स्व. श्रेष्ठको जेठोदाई तथा सुवर्ण स्मृति प्रतिष्ठानका अध्यक्ष, वरिष्ठ पत्रकार तथा प्रतिवद्ध पुराना राजनीतिक कार्यकर्ता पन्नालाल श्रेष्ठको प्रमुख संरक्षकत्व र अध्यक्षता रहेको छ । कार्य समितिका अन्य सदस्यहरूमा उपाध्यक्ष गंगालाल श्रेष्ठ, सचिवमा रामलाल श्रेष्ठ र कोषाध्यक्षमा सरोजलाल श्रेष्ठ रहनु भएको कुरा संस्थावाट जानकारीमा आएको छ । यस्तै प्रा. डा. हरिप्रसाद गौतम, दीपकराज भट्टराई र कृष्णलाल श्रेष्ठ सो केन्द्रको सल्लाहकारमा रहनु भएको छ ।

यस सम्वन्धमा हाम्रा प्रतिनिधिसँगको भेटघाटमा केन्द्रका प्रमुख संरक्षक तथा अध्यक्ष पन्नालाल श्रेष्ठले आफ्ना भाई तथा मुक्तिमार्गका प्रवर्तक स्व. जवाहरलाल श्रेष्ठको स्मृतिमा विविध रचनात्मक कार्यहरू संचालन गर्ने संस्थाको उद्देश्य रहेको वताउनुभयो । भेटघाटको सन्दर्भमा उहाँले NIDC का पूर्व प्रशासक पनि रहेका आफ्ना भाई स्व. श्रेष्ठको स्वआर्जनका विभिन्न वित्तिय संस्थाहरूमा रहेका वचत तथा मुद्दतिका सम्पूर्ण रकमहरू सो जवाहर मुक्तिमार्ग सेवा केन्द्रकै कोषमा राखिएको छ भन्नुभयो । साथै स्व. श्रेष्ठको आफ्नै निजी आयश्रोतबाट ०३२/३३ सालमा साविक भीमसेनगोला हाल वानेश्वर का.म.न.पा. ३४ वडास्थित कि.नं. ३३९ को ४ आना जग्गामा निर्मित २ तल्ले घर स्वर्गीय श्रेष्ठकै स्वनिवास समेत सो संस्थाकै नाममा राखी केन्द्रको कार्यालय समेत संचालन गर्ने कुरो उक्त अवसरमा अध्यक्ष श्रेष्ठले वताउनु भएको छ ।

सेवा केन्द्रले मानवतावादी लेख अनुसन्धान र खोज गरेवापत नेपाल अधिराज्यभित्रका लेखक, पत्रकार तथा विद्वानहरूमध्ये वार्षिक १ जनालाई विद्वतवृत्ति दिने कार्यक्रम रहेको जनाएको छ । यस्तै अधिराज्यभर संचालित विविध विद्यालयमा अध्ययनरत उत्कृष्ट, जेहेन्दार र आर्थिक स्थिति कमजोर भएका ६ जना छात्रछात्राहरूलाई

वार्षिक छात्रवृत्ति दिने योजना रहेको पनि वुझिन आएको छ ।

स्मरणीय छ मुक्तिमार्गका प्रवर्तक एवं संचालक, संस्थापक एवं दार्शनिक लेखक श्रेष्ठ जीवनभर अविवाहित रहि गएको भाद्र २२ गते वीर अस्पतालमा उपचार गर्दागर्दै देहवसान हुनुभएको थियो । उहाँको स्मृतिमा विविध पुरस्कार तथा छात्रवृत्तिहरूको स्थापना गरिनुले उहाँको सम्पूर्ण परिवारप्रति समाज आभारी रहने छ ।

(साभार : शैक्षिक मन्च (पाक्षिक) वर्ष ७ अंक ३ बैशाख १६, २०५८)



चियापान समारोहमा प्रमुख संरक्षक एवं अध्यक्षज्यू अतिथिहरूसाथ कुराकानी गर्दै ।

नयाँधर्मको लक्ष्य, मानवजातिको मोक्ष ।

जवाहर लुमन्ति न्हि

यें/स्व. जवाहरलाल श्रेष्ठया न्हापांगु लुमन्ति न्हिया अवसरय् श्री १०८ स्वामि भूमानन्द गिरिजुया मूपाहांसुइ जुइगु जवाहर मुक्तिमार्ग सेवा केन्द्रया न्हापांगु त:मुंज्या नापं जवाहर स्मृति पुष्प (ग्रन्थ) या उलेज्या व च्वमिपिन्त दसिपौ विइगु जूगु दु । थ्वहे भदौ ३० गते जवाहर मुक्ति मार्ग सेवा केन्द्रया ग्वसालय् थनया सुचिका गल्लीइ जुइगु दु ।

(साभार : देशेमरु ह्या, २०५८ भाद्र २८ गते बिहिबार)

जवाहर स्मृति ग्रन्थ सार्वजनिक

गोरखापत्र समाचारदाता

काठमाडौं, भदौ ३१ गते । स्वचालित धर्म 'मुक्तिमार्ग' का प्रवर्तक जवाहरलाल श्रेष्ठको प्रथम वार्षिक पुण्य तिथिको अवसरमा जवाहर स्मृति पुष्पग्रन्थ राजधानीमा आयोजित एक कार्यक्रममा हिजो सार्वजनिक गरियो ।

ग्रन्थ सार्वजनिक गर्दै स्वामी भूमानन्द गिरीले जवाहरको मुक्ति मार्ग नवीन चिन्तन र दर्शन भएको वताउनुभयो । संसारिक वन्धनबाट मुक्ति पाउनु नै धर्मको लक्ष्य भएको र कुनै पनि दर्शनले आत्मिक आनन्द र खुसीलाई नै मार्ग प्रशस्त गरेको वताउँदै स्वामी गिरीले जवाहरको चिन्तनको वारेमा प्रकाश पार्नुभयो र आजीवन कुमार कुमारी रहने चिन्तनधाराका प्रवर्तक जवाहरको गत वर्ष निधन भएको थियो । उहाँको जन्म वि.सं. १९९३ सालमा काठाडौंमा भएको थियो ।

जवाहर मुक्तिमार्ग सेवा केन्द्रका अध्यक्ष एवं संरक्षक पन्नालाल श्रेष्ठको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा पूर्वमन्त्री जगन्ननाथ आचार्यले कुनै पनि विचार र दर्शनको आफ्नै सान्दर्भिकता रहने उल्लेख गर्दै मुक्ति मार्ग आफैंमा एउटा दर्शन हो भन्नुभयो । यसका धेरै उज्याला पक्ष छन्, उहाँले थप्नु भयो ।

ग्रन्थकार हरि मञ्जुश्री लगायतका विभिन्न लेखकहरूलाई सम्मान गरिएको सो कार्यक्रममा प्रा.डा. हरिप्रसाद गौतम, दीपकराज भट्टराई लगायतका वक्ताहरूले जवाहर स्मृतिग्रन्थको चर्चा गर्नुका साथै मुक्ति मार्गका वारेमा विचार विश्लेषण गर्नुभएको थियो ।

साभार :(गोरखापत्र दैनिक वर्ष १०१ अंक १३४, १ गते असोज २०५८)

ब्रम्हचर्य एउटा दर्शन र साधना हो ।

भू.पू. मन्त्री जगन्नाथ आचार्य

काठमाडौं । "जीवनभर अविवाहित रहि विवाह सूत्रमा आवद्ध नहुनु नै मुक्ति प्राप्त गर्ने कडी हो" भन्ने सन्देश दिने मुक्तिमार्ग स्वचालित धर्मका प्रणेता स्व. जवाहरलाल श्रेष्ठको प्रथम वार्षिक पुण्य तिथिमा गएको भाद्र ३० गते एक समारोहको आयोजना गरियो ।

स्व. जवाहर कै स्मृतिमा स्थापित "जवाहर मुक्ति मार्ग" सेवा केन्द्रद्वारा आयोजित उक्त कार्यक्रममा संस्थाको वार्षिक साधारण सभा तथा जवाहर स्मृति पुष्प (ग्रन्थ) को लोकार्पण र लेखक सज्जनहरूमा स-सम्मान प्रमाणपत्र वितरण गरिएको थियो ।

उक्त कार्यक्रमको उद्घाटन गर्नु हुँदै प्रमुख अतिथि स्वामी भूमानन्द गिरीले जवाहरजीको मुक्ति मार्ग मानवजातिको शान्तिको लागि जन्म परिवार निर्मूल गरेर विवाह पद्धति नै समाप्त पार्ने आफ्नो मौलिक चिन्तन हो भन्नुहुँदै यसै विचारलाई उहाँले दर्शनको रूपमा स्वीकार गर्नु भएको छ भन्नुभयो ।

कार्यक्रममा भू.पू. मन्त्री जगन्नाथ आचार्यले रामायणमा हनुमान, महाभारतमा

स्वर्गीय जवाहरलाल को स्मृतिमा गाइजात्रा परिक्रमा गर्नको लागि घरवाट प्रस्थान गर्दै ।

भीष्म व्रम्हचर्यमा वसेका थिए भने व्रम्हचर्य एउटा दर्शन र साधना हो भन्नु भयो । उहाँले आफ्नो भाईको दर्शनलाई प्रचार प्रसार गर्ने दायित्व दाजु पन्नालाल लगायत सवै दाजुभाइले संरक्षण गर्नु नैतिक धरातल पनि हो भन्नुभयो । साथै आचार्यले नेपाली कांग्रेसमा कति नेताहरूवाट पन्नालाल श्रेष्ठको शोषण भएको छ भन्नुहुँदै पन्नालाल श्रेष्ठ वधाइको पात्र हुनुहुन्छ भन्नुभयो ।

जवाहर मुक्ति मार्ग सेवा केन्द्रको तर्फवाट प्रमुख अतिथि गिरीले उक्त अवसरमा १२ जना सज्जन लेखकहरूलाई पुरस्कार प्रमाण-पत्र सहित सम्मान गर्नुभयो । साथै उहाँले केन्द्रको वार्षिक साधारण सभामा प्रतिवेदन प्रस्तुत गर्नु हुँदै केही कार्यकारिणी सदस्यहरूमा हेरफेर गर्न अनुमति माग गर्दा सभाले ताली वजाएर अधिकार सुम्पेको थियो । सम्मानित हुने महानुभावहरू मध्येवाट जवाहर स्मृति पुष्प (ग्रन्थ) का सम्पादक हरि मञ्जुश्री आफूलाई सम्पादकको रूपमा पुरस्कार पाएकोमा सायद नेपालमा पहिलो हो भन्ने अभिव्यक्ति दिनुभयो भने सल्लाहकार दीपकराज भट्टराई, प्रा. डा. हरि प्रसाद गौतमले पनि आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा सम्मानित हुनेहरूमा सो कार्यक्रमका प्रमुख अतिथि स्वामी भूमानन्द गिरी पनि हुनुहुन्थ्यो । यस्तै अन्यमा प्रा. डा. हरिप्रसाद गौतम, समाजसेवी कृष्णराज श्रेष्ठ, शिक्षासेवी शिवदत्त ढकाल पनि सम्मानित हुनुभएको थियो । समारोहमा साहित्यकारद्वय दीपकराज भट्टराई, गोकुलप्रसाद शर्मा, युवा कवि श्रीराम पौडेल र तीन जना पत्रकारहरूमा प्रवीण जोशी, जुनारवावु वस्नेत र गोकर्ण अर्याल पनि सम्मानित हुनुभएको थियो । सभापति तथा केन्द्रका संरक्षक अध्यक्ष पन्नालाल श्रेष्ठले सो कार्यक्रममा स्व. जवाहरले स्वआर्जनवाट प्राप्त श्री सम्पत्ति सम्पूर्ण जवाहरमुक्ति मार्ग सेवा केन्द्रकै नाममा नामसारी गरिएको जानकारी दिनुभयो ।

आभार : ("स्टार एक्सप्रेस" साप्ताहिक वर्ष ४, अंक ४, असोज ५ गते शुक्रबार २०५८)

जवाहर मुक्ति मार्गको नयाँ कार्यसमिति गठन

काठमाडौं । २०२८ साल भाद्र ३० गते जवाहर मुक्ति मार्ग सेवा केन्द्रको साधारणसभाद्वारा सर्वसम्मतिवाट गरिएको निर्णयको आधारमा सो मुक्तिमार्गको पुरानो तदर्थ समिति विघटन गरी नयाँ केन्द्रीय कार्यकारिणी समिति गठन गरिएको छ ।

सो कार्यकारिणी समितिमा प्रमुख संरक्षक एवं अध्यक्ष पन्नालाल श्रेष्ठ, उपाध्यक्ष गंगालाल श्रेष्ठ, सचिव रामलाल श्रेष्ठ, सह-सचिव सरोजलाल श्रेष्ठ, कोषाध्यक्ष किशोर श्रेष्ठ, सदस्यहरू- आनन्दकृष्ण श्रेष्ठ, किशोर श्रेष्ठ, सुश्री वावामैया श्रेष्ठ, श्रीमती अनिता श्रेष्ठ, श्रीमती मञ्जरी श्रेष्ठ, श्रीमती रजनी श्रेष्ठ, श्री रत्नमान श्रेष्ठ तथा श्रीमती किरण श्रेष्ठ रहनुभएको छ । साथै कार्यकारिणी समितिले विभिन्न क्षेत्रवाट ६ जना सल्लाहकार पनि नियुक्त गरेको छ ।

(साभार : "पिपुल्स एक्सप्रेस" साप्ताहिक वर्ष १ अंक ४५-२०५८ चैत्र २६ गते)

स्वर्गीय जवाहरलाल श्रेष्ठको स्मृतिमा गाईजात्रा समारोहमा सम्मिलित ।

केन्द्राध्यक्ष पन्नालाल

यें/जवाहर मुक्ति मार्ग सेवा केन्द्रया साधारण सभा भाजु पन्नालाल श्रेष्ठया अध्यक्षताय् केन्द्रीय कार्यसमिति न्हूधाः याःगु दु ।

प्रमुख संरक्षक नापं संयोजक पन्नालाल श्रेष्ठया अध्यक्षताय् गठन जूगु उगु सेवा केन्द्रया उपाध्यक्ष, सचिव, महासचिव, कोषाध्यक्ष कथंहं गंगालाल श्रेष्ठ, रामलाल श्रेष्ठ, सरोजलाल श्रेष्ठ व किशोरलाल श्रेष्ठ दुथ्यागु दुसा दुजलय् आनन्दकृष्ण श्रेष्ठ, किशोर श्रेष्ठ, रत्नमान श्रेष्ठ, मय्जु अनिता श्रेष्ठ, मय्जु वावामैया श्रेष्ठ, मय्जु मञ्जु श्रेष्ठ, मय्जु रजनी श्रेष्ठ व मय्जु किरण श्रेष्ठपिं न्हू कार्यसमितिइ सर्वसम्मति दुथ्यागु दु ।

उकथं हे सल्लाहकारय् प्रा. डा. हरिप्रसाद गौतम, दीपकराज भट्टराई, राजन ढुंगाना, शिवदत्त ढुंगाना, गोकर्ण अर्याल व कृष्णराज श्रेष्ठ पुजीपिं थःथःगु लागाय् प्रतिष्ठित व्यक्तित्वपिं दुथ्याःगु दु ।

साभार : "देशोमरु झ्या" साप्ताहिक वर्ष ९ अंक ३१३ सं ३९३, २०५९ वैशाख ५ गते बिहीबार)

जवाहर मुक्ति मार्गया दँ मुँज्या

यें (सन्ध्या टाइम्स) /मदुम्ह जवाहरया दकिला लाकाः जवाहर मुक्ति मार्ग सेवा केन्द्रया न्हापांगु दँ मुँज्या १०८ स्वामि भूमानन्द गिरीया मू आतिथ्यय् जुल । ज्याभ्वलय् वय्कलं जवाहर लुमन्ति ग्रन्थया विमोचन यानादिल ।

ज्याझ्वलय् मुक्ति मार्ग सेवा केन्द्र व वय्कःया धर्म दर्शन सम्बन्धय् मू पाहाँ नापं प्रा. हरिप्रसाद गौतम, दीपकराज भट्टराई, जगन्नाथ आचार्य, हरि मञ्जुश्री, शिवदत्त ढकाल, लगायतया वक्तातय्सं न्ववानादीगु खः ।

ज्याभ्वलय् मू पाहाँ पाखें प्रा. डा. हरिप्रसाद गौतम, स्वामि भूमानन्द गिरी, महेश्वरलाल श्रेष्ठ, हरि मञ्जुश्री, दीपकराज भट्टराई, शिवदत्त ढकाल, प्रवीण जोशी, कृष्णराज श्रेष्ठ, श्रीराम पौडेल, गोकर्ण राज अर्याल, जुनारवावु वस्नेत व गोकुलप्रसाद शर्मापिंत दां व दसिपौ लःल्हानादीगु खः ।

साभार :(सन्ध्या टाइम्स दैनिक वर्ष ६ अंक २७४ आश्विन ३ बुधबार २०५८, से. १९-२००१)

जवाहर प्वलेज्या

यें/ जवाहर मुक्तिमार्ग सेवा केन्द्रया ग्वसालये मदुम्ह जवाहरलाल श्रेष्ठया लुमन्तिइ न्हापांगु पूण्यतिथिस छगू मूँज्या यासें केन्द्रया न्हापांगु साधारण सभा व जवाहर स्मृति पुष्प (ग्रन्थ) प्वलेज्या व च्वमिपिन्त हनेज्या यासें दसिपौ ल:ल्हा:गु ख: ।

वंगु भदौ ३० गते केन्द्रया नायो पन्नालाल श्रेष्ठया सभापतित्वय् जूगु उगु मूँज्याय् १२ म्ह च्वमि व्यक्तित्वपिन्त सम्मान देछागु ख: ।

श्री १०८ ल भूमानन्द स्वामि गिरीया मूपाहांसुइ च्वमिपिं हरि मन्जुश्री, स्वामी भूमानन्द गिरी, प्रा. डा. हरिप्रसाद गौतम, दिपकराज भट्टराई, प्रवीण जोशी, शिवदत्त ढकाल, गोकर्ण अर्याल, कृष्णराज श्रेष्ठ, जुनारवावु वस्नेत, श्रीराम पौडेल, गोकुलप्रसाद शर्मा, महेश्वरलाल श्रेष्ठयात दसिपौ ल: ल्हा:गु ख: । उगु मूँज्या हरिप्रसाद ढुंगेलं न्ह्याकादीगु ख: ।

साभार :(वेशेमरु झ्या साप्ताहिक वर्ष ८ अंक ३६- असोज ४ गते २०५८- से. २८, २००१)

स्वर्गीय जवाहरलाल श्रेष्ठको स्मृतिमा गाईजात्रा परिक्रमा गर्नको लागि घरवाट प्रस्थान गर्दै ।

नयाँ कार्यकारिणी समिति गठन

गोरखापत्र समाचारदाता

काठमाडौं, वैशाख ५ गते । जवाहर 'मुक्तिमार्ग' सेवाकेन्द्रको सम्पन्न साधारणसभाले नयाँ कार्यकारिणी समिति गठन गरेकोछ ।

नवगठित समितिमा पन्नालाल श्रेष्ठ अध्यक्ष, गंगालाल श्रेष्ठ उपाध्यक्ष, रामलाल श्रेष्ठ सचिव, सरोजलाल श्रेष्ठ सहसचिव र किशोर श्रेष्ठ कोषाध्यक्ष रहनुभएको छ भने सदस्यहरूमा आनन्दकृष्ण श्रेष्ठ, किशोर श्रेष्ठ, रतनमान श्रेष्ठ, श्रीमती अनिता श्रेष्ठ, सुश्री वावामैया श्रेष्ठ, श्रीमती मञ्जु श्रेष्ठ, श्रीमती रजनी श्रेष्ठ र श्रीमती किरण श्रेष्ठ रहनुभएको छ ।

केन्द्रका सल्लाहकारहरूमा प्रा. डा. हरिप्रसाद गौतम, साहित्यकार दीपकराज भट्टराई, अधिवक्ता राजन दुंगाना, शिक्षाविद् शिवदत्त दुंगाना, समाजसेवी कृष्णराज श्रेष्ठ र पत्रकार गोकर्ण अर्याल रहनुभएको सो केन्द्रले जनाएको छ । केन्द्रका साधारणसभा हालै सम्पन्न भएको थियो ।

साभार :(गोरखापत्र दैनिक वर्ष १०१ अंक ३४० २०५९ साल वैशाख ६ गते शुक्रबार)



मुक्तिमार्ग सेवा केन्द्रका वरिष्ठ सल्लाहकार श्री दीपकराज भट्टराईज्यू जवाहर मुक्तिमार्गको महत्ववारे आफ्नो मन्तव्य व्यक्त गर्दै ।

मोक्ष प्राप्त गरिसकेपछि कहिलेपनि पुनर्जन्म हुनेछैन ।

जवाहर सेवा केन्द्रया कार्यकारणी समिति

यें (सन्ध्या टाइम्स) । जवाहर मुक्ति मार्ग सेवा केन्द्रया आ नकतिनि च्वंगु वैठकं तदर्थ समितियात भंग यासें संयोजक, संस्थापक एवं प्रमुख संरक्षक पन्नालाल श्रेष्ठया अध्यक्षताय् केन्द्रीय कार्यकारणी समिति नीस्वगुं दु । समितिइ गंगालाल श्रेष्ठ उपाध्यक्ष, रामलाल श्रेष्ठ सचिव, सरोजलाल श्रेष्ठ सह-सचिव, किशोर श्रेष्ठ कोषाध्यक्ष व दुजलय् आनन्दकृष्ण श्रेष्ठ, किशोर श्रेष्ठ, रत्नमान श्रेष्ठ, अनिता श्रेष्ठ, वावामैयाँ श्रेष्ठ, मञ्जु श्रेष्ठ, रजनी श्रेष्ठ व किरण श्रेष्ठपिं च्वनादीगु दु । अथे हे प्रा. डा. हरिप्रसाद गौतम, अधिवक्ता एवं साहित्यकार दीपकराज भट्टराई, अधिवक्ता राजन ढुंगाना, शिक्षाविद् शिवदत्त ढुंगाना, समाजसेवी कृष्णराज श्रेष्ठ व वरिष्ठ पत्रकार गोकर्ण अर्यालपिंत सल्लाहकार ल्य:गु दु ।

साभार : (सन्ध्या टाइम्स दैनिक वर्ष ७, अंक १३८, २०५९ वैशाख २ गते सोमबार)

मुक्तिमार्ग सेवा केन्द्रका सांस्कृतिक वरिष्ठ सल्लाहकार प्रा.डा. हरिप्रसाद गौतमज्यू आपनो मन्तव्य व्यक्त गर्दै ।

प्रकाशकीय

जवाहरको समर्पण र निष्ठा

हरेक प्राणी शान्ति, सुख र आनन्दको खोज तलाशमा भौंतारिरहेका छन् । जन्मकालदेखि मरणोपर्यन्त उसले जे जति गर्दछ त्यो सवै शान्ति, सुख र आनन्द प्राप्तिका लागि नै गर्दछ । तर सुख, शान्ति र आनन्दको खोज तलाशमा धेरैजसोले दुई प्रकारका भूल गरेको पाइन्छ । पहिलो त आफ्नो शान्तिको लागि अरूको शान्ति खलवलाउने काम गर्नु र दोस्रो चाहि शान्ति आफूभित्र छ भनेर नजानी वाह्य वस्तुहरूमा आसक्ति वढेपछि शान्तिको वदलामा झन् वढी अशान्ति मिल्छ भन्ने कुरामा धेरै प्राणी अनभिज्ञ हुनु ।

आज समस्त मानव समाज नै काम, क्रोध, लोभ, मोह, मद मात्सर्यको राँकोमा पिल्सिरहेको छ । विश्वभरी नै हाम्रो प्यारो मातृभूमिमा नै ठाउँ-ठाउँमा दुःख र पीडाको चित्कार, काटमार हाहाकर देखिन्छ सुनिन्छ । कलुषित मनको कारण वातावरण समेत अत्यन्त प्रदुषितता व्याप्त भएको छ । यस्तो विषम परिस्थितिमा पनि शान्ति, सुख, वैभव र आनन्द कसरी प्राप्त गर्ने ? यो प्रश्नको सही जवाफ पाउन मोक्ष र मुक्ति मार्ग नै शान्ति र आनन्दको सन्देश हो । यसबारे हामीलाई जानकारी हुनु अति आवश्यक छ । वैदिक सनातन धर्म अर्थात् हिन्दूधर्ममा अनगिन्ती सन्त, महन्तहरू र महामानवहरूको श्रृंखलामा वीसौं शताव्दिमा आध्यात्मिक क्षितिजमा समाजसेवी, मानववादी दार्शनिकको रूपमा देखा पर्न आएका जवाहर लाखौं दुःखी र मानव धर्मवारे अन्योलमा परेका मानव मानवमा शान्ति, सुख र आनन्द दिने कार्यमा जीवन पर्यन्त आफ्नो रगत पसिना एक गरी कमाएका सम्पत्ति मानव कल्याण र निस्कलङ्क मानव सेवामै समर्पण गर्ने व्यक्ति हुन् ।

आज भन्दा ६६ औं वसन्त पूर्व आवाल व्रम्हचारी, सदगुणी "मुक्तिमार्ग"का संस्थापक एवं सञ्चालक तथा २५-३० वर्षसम्म अनवरतरूपमा हिन्दू धर्म, वौद्ध धर्म, इशाई धर्म, वाइवल एवं मुस्लिम र इस्लामिक धर्म, कुरान, जैन धर्म र अन्य आध्यात्मिक विषय अध्ययन, अनुसन्धान पश्चात् आफ्नै प्रकारको र किसिमको धर्म "स्वचालित धर्म" रचना गरी आफ्नै ढंग र तरिकाले विगत १०/१५ वर्ष प्रचारप्रसार गरी अभियान चलाउँदै आएका र विगत २०२० साल देखि २०५० सालसम्म

औद्योगिक विकास निगमको निष्ठा र इमान्दारपूर्वक सेवामा संलग्न रही, आजीवन अविवाहित रही स्वावलम्वी भै मानव सेवा नै आफ्नो परम कर्तव्य, निष्ठा, आकाँक्षा राखी आफ्नो जीवनभरको स्वार्जनको सम्पूर्ण कमाई जन कल्याणमै समर्पण गर्दै परिवार नियोजन र एच. आइ. भी. एड्समा समेत टेवा पुग्नेगरी मानव सेवामा समर्पण हुँदै जवाहर "नामक एक शिशुको जन्म हाम्रा पूज्य मातामह-पितामह हिराजयन्तीको कोषवाट कनिष्ठ सुपुत्रको रूपमा यस पावन भूमि जहाँ जनक, सीता पार्वती, विश्वशान्तिका वाहक गौतम वुद्ध, अरनिको, पृथ्वी नारायण शाह जस्ता महान विभूतिहरूको पनि जन्म भएको थियो । तेतीसकोटी देवी-देवताहरूले निवास गरिएको भूमिमा भएको थियो - मोति-पन्ना-श्रीकृष्ण-गंगा अनि श्री हरिको कनिष्ठ भ्राता "जवाहर" । सन्तान थरिथरिका भन्ने लोकोक्ति र आख्यानलाई चरितार्थ गर्दै



जुनारवावु वस्नेत स्वामी भूमानन्द गिरीज्यूवाट पुरस्कार प्रमाण-पत्र प्राप्त गर्दै ।

शान्ति र मानव कल्याणको खोजिमा आफन्त तथा परिवारदेखि टाढै बसी उनले देश र मानव समाजलाई आफ्नै विशेष प्रकारको "दर्शन" दिइ अन्त्यमा यो पावन भूमिबाट सदाको लागि पञ्चतत्व मिश्रित नश्वर शरीर त्यागि दुई वर्ष पूर्व २०५७ साल भाद्र २१ गते राती १.३० बजे ब्रम्हलीन भए ।

उनको दर्शन थियो-शिक्षा दिंदा चरित्र निर्माणमा ध्यान नदिनाले नै आज समाजमा विभिन्न विकृतिहरू, देखा परेका हुन । गगनचुम्बी भवनहरू वने, मानिसले चन्द्रमामा पाइला टेके, मंगल ग्रहसम्म पनि पुग्ने प्रयास गरे तर मानिसले आफ्नो

मनलाई भने वशमा पार्न सकेका छैनन् । यस्तो भयावह परिस्थितिमा कुपथलाई त्यागी सुपथमा लम्कनु मानिसमात्रको परम कर्तव्य हो । सुपथ भन्नाले आत्मसंयमको पथ हो । जवाहरको शब्दमा संयमित जीवनद्वारा नै सुपथ खुल्छ, आत्म साक्षात्कार को वाटो खुल्छ ।

भौतिकवादको आँच र रापले छटपटिएका मानवलाई जवाहरको शान्ति र आनन्दको सन्देश छोटकरीमा यस प्रकारको छ- अधिकतर मानव भवरोगले ग्रस्त छन् । भवरोगवाट आराम पाउन दुई कुराको आवश्यकता छ-भगवन्नाम स्मरण, जपादिको औषधी र संयमको सुपथ्य । जसरी ठीक खाना नखाउन्जेल औषधिको पूरा असर पर्दैन त्यसरी नै संयममा नरहीकन जप र स्मरणको त्यति प्रभाव पर्दैन । कमसेकम हप्तामा एक पटक, नसके पन्ध्र दिनमा एक पटक वा महिनामा कमसेकम एक पटक संयम व्रत लिने प्रयास गर्नुहोस् । यसको अर्थ त जीवनको हरेक क्षेत्रमा आत्मसंयम अथवा आत्मअनुशासनको पालना गर्नु -खानापीना बोलीचाली र विषय भोग सम्वन्धी विभिन्न काममा संयमित रहनु आदि । बालवालिकाहरूलाई बालगोपाल र कुमारीको रूपमा, पतिलाई परमपतिकोरूपमा, पत्नीलाई गृहलक्ष्मीको रूपमा सेवा गर्ने । जीवनमा शिव देख्नु । काम, क्रोध, लोभ, मोह, मद मात्सर्य यी षड्विकार हरूलाई आफनो अधीनमा राख्नु । सबै सांसारिक चीजहरू नाशवान छन् भन्ने सम्झनु जवाहरको दर्शन अनुसार २४ घण्टामा कम्तीमा १५ मिनेटको निश्चित समय भगवत स्मरणको लागि निर्धारण गर्न जवाहरले तपाइहरूसित भिक्षा मागेका थिए ।

जवाहरले हिन्दु धर्मको संस्कार र संस्कृतिको सम्वर्द्धन गर्नुका साथै भगवत प्रेम, पारस्परिक प्रेम, भ्रातृत्व र दया, धार्मिक सहिष्णुता सत्य र अहिंसामा आधारित मानव धर्मतिर पनि इशारा गरे । आज हाम्रो देश घृणा र हिंसाको भयावह स्थितिमा फसेको अवस्थामा सवैले पूर्वाग्रह त्यागेर एउटा नेपालीको दु:ख पीडा अर्को नेपालीले वुझेर वाँच्ने र वाँच्न दिउँ भन्ने सद्भावना राख्नु परेको छ । आफूलाई अर्काको ठाउँमा राखेर उसको भावना बुझ्नु परेको छ । घृणाको सट्टा दया र भ्रातृत्वको भावना जगाउन परेको छ, संयमित जीवन यापन गरेमामात्र शान्ति सम्भव छ । मृत्युको वाटो छोडेर अमृत पथको, संयम पथको यात्री वन, शान्ति र आनन्द आफ् से आफ् वर्सने छ । आज "जवाहर" को द्विवार्षिक पूण्य तिथिको दिन हामी सबै नेपाली दाजभाई दिदीवहिनीहरूलाई शान्ति र आनन्द प्राप्त गर्ने सद्बुद्धि दिउन् ।

अन्तमा जवाहरको "स्वचालित धर्म" र मुक्तिमार्ग" लाई निरन्तरता दिन हामी सवै दाजु भाई, भतिजा भतिजीहरू, शुभचिन्तकहरू लागिरहेका छौं । शुद्ध र सच्चा मनले निर्मल भावना लिई जवाहरको वैकुण्ठवास भएको आत्मालाई शान्ति दिलाउनु परेको छ, यस कुरालाई हृदयंगम गरी संकुचित र कलुषित भावना र गिद्धदृष्टि गाड्ने र मृग तृष्णालाई त्यागी जवाहरले जनकल्याणको लागि छाडेर गएको श्री सम्पत्तिलाई सदुपयोग गरी उनको इच्छा आकांक्षा र भावनालाई निरन्तरता दिने काममा हामी दाजु,भाई, भतिजा भतिजी र वुहारीहरू वेला वखतमा हस्तेमा हैंसे गरौं ! यही नै हाम्रो कर्तव्य सम्झी दिवंगत आत्मामा सदा शान्तिका कामना गरौं ।

यसैक्रम जवाहरको प्रथम वार्षिक दिवसको अवसरमा प्रकाशित "जवाहर स्मृति पुष्प" - १ अध्ययन गरी लेख रचना र आफ्नो प्रतिकृया लेखेर सहयोग गर्नु भएका सवै आदरणीय मित्रहरूलाई हृदयदेखि नै धन्यवाद ज्ञापन गर्दछु ।

जवाहर स्मृति पुष्प-१ मा प्रकाशित लेख, रचना, समालोचना र आलोचनाहरू पठनीय छन् । अध्ययन/शोधकार्यमा संलग्न महानुभावहरूले सम्पर्क राख्नु हुन अनुरोध छ । विषय निम्न प्रकार छ ।

खण्ड : क

जवाहरलाल श्रेष्ठको जीवनी

१. दाई पन्नालालका दृष्टिमा भाई जवाहरलाल — जीवन अधिकारी १७

खण्ड : ख

जवाहरलाल श्रेष्ठको अन्तर्वार्ता

१. संसार नै संसारका लागि जेल हो : जवाहर — उतमप्रसाद घिमिरे ३५

खण्ड : ग

जवाहरलाल श्रेष्ठको पूर्वप्रकाशित लेख

१. मानवजातिका लागि छलफलको विषय — जवाहर श्रेष्ठ ४३

खण्ड : घ

जवाहरलाल श्रेष्ठ सम्बन्धी पत्रपत्रिकाका लेखहरू

१. स्वाचालित धर्म कि जवाहर-दर्शन ? — हरि मञ्जुश्री ५९

२. जवाहरको मुक्तिमार्ग — नेपाल मिरर ६३

३. सरकार र सम्बद्ध निकाय किन मौन ? — मातृका उप्रेती ६७

४. विश्वका कुमार-कुमारीहरूलाई जवाहरको आह्वान	हिमशिखर ६९
५. मानवमुक्तिका लागि जवाहरको सन्देश	हिमशिखर ७१
६. सुमार्ग नै धर्म हो	गतिविधि ७३
७. संसार चलाइरहनु वुद्धिमानी होइन	गतिविधि ७५
८. श्रृष्टिका विरूद्ध युद्धरत जवाहरलाल	भुवन शर्मा ७७
९. सम्भोग नै वेकार ठान्ने एउटा अजीव मान्छे जवाहर	सुवास मिश्र ७९

खण्ड : ङ

जवाहरलाल श्रेष्ठका विषयमा लेखिएका अप्रकाशित लेख-संस्मरणहरू

१. जवाहर मुक्तिमार्ग : वैदिक धर्ममर्यादा	प्रा. डा. हरिप्रसाद गौतम ८३
२. जवाहरको मुक्तिमार्ग : मौलिक नवचिन्तन	स्वामी भूमानन्द गिरी ९१
३. जवाहरलाल धर्मका लाल	महेश्वरलाल श्रेष्ठ ९७
४. अव कसैले दु:ख दिँदैन	हरि मञ्जुश्री ९९
५. जवाहरलाल र समाज-कल्याण	दीपकराज भट्टराई १०३
६. स्वचालित धर्मका प्रणेताको मुक्तिमार्ग	शिवदत्त ढकाल १११
७. मुक्तिमार्गतिर फर्की हेर्दा	गोकुलप्रसाद शर्मा ११७
८. सवैका लागि मुक्तिमार्ग	गोकर्ण अर्याल १२१
९. त्यसपछि उनीसित भेट भएन	जुनारबाबु बस्नेत १२५
१०. मानवमुक्तिका प्रवर्तक	श्रीराम पौडेल 'उदासी' १२९
११. जवाहरलाल र यौन	कृष्णराज श्रेष्ठ १३३
१२. जवाहरलाल र मुक्तिमार्ग	प्रवीण जोशी १३७

खण्ड : च

जवाहरलाल श्रेष्ठका फुटकर सामग्रीहरू

१. जवाहरलाल श्रेष्ठको हस्ताक्षर	१४३
२. जवाहरलाल श्रेष्ठलाई कार्यालयबाट पठाइएका चिठ्ठीहरू	१४५
३. जवाहरलाल श्रेष्ठलाई पठाइएका फुटकर चिठ्ठीहरू	१५७
४. जवाहरलाल श्रेष्ठले पाउनुभएका प्रमाणपत्रहरू	१६१
५. जवाहरलाल श्रेष्ठ अस्वस्थ हुँदाका कागजातहरु	१७१
६. जवाहरलाल श्रेष्ठले पत्रपत्रिकामा दिएका विज्ञापनहरू	१७७
७. जवाहरलाल श्रेष्ठले भुक्तानी दिएका बिलका नमुनाहरू	१७९

खण्ड छ : परिशिष्ट

१. जवाहरलाल श्रेष्ठको निधनपछिका समाचारहरू १८५
२. जवाहरलाल श्रेष्ठको निधनपछिका कागजातहरू १८९
३. जवाहरलाल श्रेष्ठको निधनपछि व्यक्त समवेदनाहरू १९५
४. जिल्ला प्रशासन कार्यालयमा संस्था दर्ताका लागि दिइएका निवेदन १९७
५. संस्था दर्ताको प्रमाणपत्र १९८
६. जवाहर मुक्तिमार्ग सेवा केन्द्रको विधान १९९
७. जवाहर मुक्तिमार्ग सेवा केन्द्रको स्थापनासम्वन्धी समाचारहरू २०९
८. 'जवाहर स्मृतिपुष्प' सम्वन्धी पत्रहरू २१३
९. मन्तव्य : पन्नालाल श्रेष्ठ २१५

खण्ड : ज जवाहरलाल श्रेष्ठका तस्वीरहरू

१) तस्वीरहरूमा जवाहरलाल श्रेष्ठ

प्रस्तुत जवाहर स्मृति पुष्प-२ मा प्रकाशनार्थ आफ्ना लेख, रचना, समालोचना र आलोचना एवं प्रतिकृयाहरू लेखेर सहयोग दिनु भएका सम्पूर्ण आदरणीय मित्रहरूमा हार्दिक आभार व्यक्त गर्दछु ।

नेपालका प्रथम पत्रकार एवं मानव अधिकारवादी नेता स्वर्गीय रघुनाथ प्रसाद रौनियारका होनहार सुपुत्र उमेश कुमार रौनियारले कैयौं दिनसम्म दिनरात मेहनत गरेर "जवाहर स्मृति पुष्प–२" पुस्तकको सम्पादन गरी आफ्नो महत्वपूर्ण विचार समेत व्यक्त गर्नु भएकोमा म उहाँ प्रति अत्यन्त कृतज्ञ रहेको छु र छपाइ कार्यमा अथक परिश्रम गरी यथासमय काम तामिल गर्दै सहयोग गरिदिनु भएकोमा भिंतुना प्रिण्टर्सका मालिक श्री परशुराम श्रेष्ठज्यू, श्री सुनिल श्रेष्ठज्यू र अन्य सहयोगी महानुभावहरूप्रति पनि हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

छात्रवृत्ति वितरण कार्यक्रममा सहभागी भई दिनु भएका सम्पूर्ण सहयोगी मित्रहरुप्रति पनि "जवाहर मुक्तिमार्ग सेवा केन्द्र" को तर्फवाट हृदय देखि धन्यवाद टक्र्याउन चाहन्छु ।

(पन्नालाल श्रेष्ठ "जवाहर मुक्तिमार्ग सेवा केन्द्र" का संस्थापक, प्रमुख संरक्षक एवं अध्यक्ष हुनुहुन्छ ।)

शुभ-कामना

२०५९ सालको शुभ विजया दशमी एवं दीपावलीको
शुभ उपलक्षमा समस्त नेपाली दाजु भाई तथा दिदी बहिनीहरुमा
यस ' प्रतिष्ठान परिवारका तर्फबाट
हार्दिक शुभ-कामना व्यक्त गर्दछौं ।

सभापति
पन्नालाल श्रेष्ठ
एवं
सुवर्ण स्मृति प्रतिष्ठान
परिवार

शुभ-कामना

२०५९ सालको शुभ विजया दशमी एवं दीपावलीको शुभ उपलक्षमा
समस्त नेपाली दाजु भाई तथा दिदी बहिनीहरुमा
यस प्रतिष्ठान परिवारका तर्फबाट
हार्दिक शुभ-कामना व्यक्त गर्दछौं ।

G.NO 1064

अध्यक्ष
उमेश कुमार रौनियार
रघुनाथ प्रसाद रौनियार
अध्ययन प्रतिष्ठान
परिवार

ज्यौतिषी तान्त्रिक भुत्त वृतमा
भविष्य राष्ट्र ज्यौतिषी विष्णु प्रसाद
ढकाल काठमाण्डौ नुवाकोट
[illegible]
फोन २५०६५६

[illegible] मानन्धर

[illegible] उपाध्याय
२०५८।५।३०

[illegible] ढकाल
२०५८।५।३०

हरिप्रसाद गौतम

प्रवीण जोशी

दीपक [illegible]

[illegible]

गोकुल प्रसाद शर्मा

प्रयाग राज सिंह

जवाहर मुक्ति मार्ग सेवा केन्द्रका
आदरणीय सल्लाहकार महानुभावहरु

प्रा. डा. श्री हरिप्रसाद गौतम
साँस्कृतिक

श्री दीपकराज भट्टराई
(साहित्यिक अधिवक्ता सर्वोच्च)



श्री राजन ढुङ्गाना
(कानूनी अधिवक्ता सर्वोच्च)



श्री शिवदत्त ढकाल
(शैक्षिक शिक्षाविद्)

श्री कृष्णराज श्रेष्ठ
(सामाजिक कार्यकर्ता)

श्री गोकर्ण अर्याल
(वरिष्ठ सञ्चार पत्रकार)